# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८९१४००,
९८४१५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १६९ | काठमाडौं | बुधबार, २९ असोज २०८२ | Prabhab National Daily | Wednesday, 15 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# जेन-जी आन्दोलनपछि देउवाको ‘कम्ब्याक’

## खड्कालाई दिए कार्यवाहक सभापति, तोकेनन् महाधिवेशन

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा जेन-जी आन्दोलनपछि पहिलोपटक मंगलबार सार्वजनिक भएका छन्। ललितपुरको सानेपास्थित पार्टी कार्यालयमा आयोजित कांग्रेस केन्द्रीय समिति बैठकमा उपस्थित भएर उनले सम्बोधन गरेका हुन्।

उक्त बैठकलाई सम्बोधनसँगै उनले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति तोकेका छन्। देउवाले स्वास्थ्यको कारण देखाउँदै खड्कालाई कार्यवाहकको जिम्मेवारी तोकेका हुन्। ‘मेरो स्वास्थ्यका कारणले मैले पार्टीका उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिका रूपमा काम गर्ने गरी तोकेको छु,’ देउवाले भने।

जेन-जी प्रदर्शनमा भदौ २४ गते आफ्नै निवासमा कुटिएका उनी ३४ दिनपछि सार्वजनिक हुँदै कांग्रेस केन्द्रीय समितिलाई सम्बोधन गरेका हुन्। आफूलाई बेलाबेला चक्कर लाग्ने भएकाले केन्द्रीय समितिमा लामो समय बस्न नसक्ने देउवाले बताउँदै केन्द्रीय समितिसमेत भोलि बिहीबार १ बजेसम्मका लागि स्थगित गरेका छन्।

देउवासँगै उनकी पत्नी डा. आरजु राणा देउवा पनि मंगलबार बैठकमा उपस्थित भइन्। भदौ २४ गते बूढानीलकण्ठस्थित निवासमा डा. राणा पनि कुटिएकी थिइन्। देउवा दम्पती मंगलबारको बैठकमा उपस्थित भएसँगै कांग्रेस लयमा फर्किएको बताइएको छ। खड्कालाई कार्यवाहक दिएर देउवा दम्पती थप उपचारका लागि केही समय सिंगापुर जाने तयारीमा छन्।

⏭ क्रमशः पृष्ठ २ मा



- महाधिवेशनबाट नेतृत्व हस्तान्तरण गर्ने घोषणा गरिसकेको भन्दै तत्काल नेतृत्व नछाड्ने अडान
- स्वास्थ्यका कारण देखाउँदै पार्टीका उपसभापति पूर्णबहादुर खड्कालाई दिए कार्यवाहक सभापतिको जिम्मा
- देउवा दम्पती उपचारका लागि सिंगापुर जाने तयारी
- घरमा जलेका नोटहरु ‘फेक’ भएको दाबी, छिट्टै छानबिन गर्न माग
- देशलाई पुनः संवैधानिक बाटोमा फर्काउने आधार निर्वाचन भएको विश्वास
- विशेष महाधिवशेन माग्दै हस्ताक्षर बुझाउन आएकालाई सम्हाल्न गगन- विश्वलाई धौ-धौ

### ‘भदौ २४ गते डरलाग्दो दिन’

कांग्रेस सभापति शेरबहादुर देउवाले भदौ २४ गतेको दिन डरलाग्दो दिनका रूपमा लिपिबद्ध हुने बताएका छन्। ‘सम्भवतः यो नेपालको इतिहासमै एउटा डरलाग्दो दिनको रूपमा लिपिबद्ध हुने छ,’ देउवाले भने। उक्त दिन देउवा कुटिएका थिए भने बूढानीलकण्ठस्थित देउवा निवासमा आगजनी भएको थियो। देउवाका गर्धनमा कुटपिटबाट गम्भीर चोट लागेका कारण १२ टाँका लगाइएको थियो।

केन्द्रीय कार्यालयसहित ४८ जिल्लाका कांग्रेस पार्टी कार्यालय र करिब १२५ जना नेताको निजी घर र डेरामा आक्रमण, तोडफोड, लुटपाट र आगजनी गरिएको सभापति देउवाले उल्लेख गरे। देउवाले आफ्नो घरमा जलेको नोट देखाउँदै ‘फेक’ भिडियो बनाएको दाबी गर्दै यसको अनुसन्धान गर्नसमेत आग्रह गरेका छन्।

⏭ क्रमशः पृष्ठ २ मा

### हस्ताक्षर नबुझेपछि लफडा


कांग्रेस केन्द्रीय समितिको मंगलबारको बैठकमा केन्द्रीय सदस्य मधु आचार्यसहितको टोलीले सभापति शेरबहादुर देउवालाई विशेष अधिवेशनको माग गर्दै संकलन गरिएको हस्ताक्षर बुझाउने तयारी गरेको थियो। तर, देउवाले उक्त हस्ताक्षर बुझेनन्। कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई बुझाउनू भन्दै देउवा केन्द्रीय कार्यालयबाट निस्किए।

कार्यवाहक सभापति खड्काले साँझ हस्ताक्षर बुझ्ने भनेका थिए। उनी पनि नआएपछि हस्ताक्षर लिएर पार्टी कार्यालय आएका कार्यकर्ता महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासँग झोक्किए। महामन्त्रीद्वयलाई यसबारे सम्झाउन हम्मे परेको थियो। सभापति देउवाले नियमित महाधिवेशन गर्ने वचन दिइसकेकोले विशेष महाधिवेशनको आवश्यकता अब नपर्ने महामन्त्री थापाले बताएका छन्।

⏭ क्रमशः पृष्ठ २ मा

# प्रतिनिधिसभा विघटनविरुद्ध सभामुख

## न्यायालय जानुअघि छलफल



- २८ भदौमा भएको प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च जाने सुरमा सभामुख
- विघटित प्रतिनिधिसभामा रहेका दलहरूसँग परामर्शका लागि प्रमुख सचेतकहरूको बैठक आह्वान
- प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा एमाले, कांग्रेसमा मतभिन्नता

**■ जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभा विघटनको निर्णयलाई न्यायिक परीक्षणका लागि सर्वोच्च अदालत जान सभामुख देवराज घिमिरेले राजनीतिक दलहरूको साथ खोजेका छन्। उनले आज विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका दलहरूका प्रमुख सचेतकहरूको बैठक बोलाएका छन्।

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेका अनुसार सभामुख घिमिरेले बैठक बिहान ९ बजे बस्नेगरी बोलाएका छन्। बैठकमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, जनमत पार्टी, जनता समाजवादी पार्टी, नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टीलगायत दलका प्रमुख सचेतकलाई बोलाइएको हो। प्रतिनिधिसभा विघटनविरुद्धको रिट लिएर सभामुख आफैं जाने कि नजाने भन्नेबारे बैठकमा छलफल हुने उनका प्रेस सल्लाहकार शेखर अधिकारीले बताए।

२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि प्रतिनिधिसभा विघटन भएको छ। प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले विघटन गरेका हुन्। भदौ २७ गते विघटन भएको प्रतिनिधिसभा पुनर्स्थापना गर्नुपर्ने माग राख्दै मंगलबार सर्वोच्च अदालतमा रिटहरू परेका छन्।

यस्तोमा सभामुख घिमिरेले पनि प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालत जान चाहेका छन्। उनी प्रतिनिधिसभा विघटनविरुद्धमा छन्। जेन-जी आन्दोलनको क्रममा आगजनीका कारण ध्वस्त संसद् भवनको अवलोकन गर्दै प्रतिनिधिभा विघटनको निर्णयमा समर्थन नरहेको स्पष्ट संकेत गरेका थिए।

त्यसबेला उनलाई पत्रकारहरूले संसद् विघटनको घटनालाई कसरी हेर्नुभएको छ ? भनेर सोधेका थिए। उनको जवाफ ‘प्रतिनिधिसभा विघटन नगरी यसैभित्रबाट समाधान खोज्न सकिएको भए राम्रो हुन्थ्यो’ भन्ने थियो।

उसो त २७ भदौमा संयुक्त वक्तव्य निकालेर सभामुख घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालले संविधानवादबाट बाहिर नजान भनेका थिए। यी विषयलाई पृष्ठभूमिमा राखेर सभामुख घिमिरेले आफू प्रतिनिधिसभा विघटनविरुद्ध रहेको प्रस्ट सन्देश दिँदै आएका छन्। उनले प्रतिनिधिसभा विघटनको कदमलाई संवैधानिक प्रावधानहरूमा टेकेर न्यायालयमा चुनौती दिन खोजेका छन्।

पहिलो, प्रतिनिधिसभा विघटन संविधानको कुनै पनि प्रावधानमा टेकेर गरिएको छैन। सभामुख घिमिरे पनि प्रतिनिधिसभा विघटनमा यो संविधानको मर्म नभेटिने तर्क गर्छन्। जेन-जी आन्दोलनपछि प्रतिनिधिसभा विघटनलाई उनी आवश्यकताको सिद्धान्तअनुसार भएको मान्न पनि तयार छैनन्।

अर्को आधारको रूपमा सभामुख घिमिरेले ‘प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हुने’ भन्ने संवैधानिक व्यवस्थालाई लिएका छन्। संविधानको धारा ८५ मा संकटकालीन अवस्थाको घोषणा वा आदेश लागू रहेको अवस्थामाबाहेक प्रतिनिधिसभाका सदस्यको कार्यकाल पाँच वर्षको हुने व्यवस्था छ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# ओमानमा घरेलु कामदारका लागि नयाँ नियम

- घरेलु कामदारको रोजगारसम्बन्धी व्यापक सुधारको घोषणा
- कार्यस्थलको अवस्था सुधार्ने, उचित व्यवहार सुनिश्चित गर्ने र रोजगारीको अभ्यासलाई आधुनिक बनाउने लक्ष्य
- घरेलु कामदारलाई ओमानको श्रम शक्तिको मुख्य योगदानकर्ताका रूपमा मान्यता दिने र उनीहरूका आधारभूत अधिकार सुनिश्चित गर्ने



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** ओमानको श्रम मन्त्रालयले घरेलु कामदारहरूका लागि नयाँ नियमावलीको घोषणा गरेको छ। मन्त्रालयले मन्त्रिपरिषद्को निर्णयअन्तर्गत घरेलु कामदारको रोजगारसम्बन्धी व्यापक सुधारको घोषणा गरेको अन्तर ाष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

नयाँ नियमले मन्त्रीस्तरीय निर्णय नम्बर १८९/२००४ लाई प्रतिस्थापन गर्ने बताइएको छ। यसले गैरओमानी कामदारसँग सम्बन्धित पुराना करारपत्रहरू रद्द गर्ने जनाइएको छ।

उक्त नियमले कार्यस्थलको अवस्था सुधार्ने, उचित व्यवहार सुनिश्चित गर्ने र रोजगारीको अभ्यासलाई आधुनिक बनाउने लक्ष्य राखेको उल्लेख गरिएको छ।

नयाँ निर्णयलाई आधिकारिक राजपत्रमा प्रकाशन भएको भोलिपल्टैबाट औपचारिकरूपमा लागू गरिने भनिएको छ। रोजगारदाता र कामदारलाई नयाँ कानुनअनुसार वर्तमान करारलाई मिलाउन तीन महिनाको अवधि दिइएको छ।

यस नियमावली विभिन्न पेसा गर्ने घरेलु कामदारका लागि लागू हुने छ। जसमा घरको काम गर्ने महिला, सवारी चालक, बच्चा हेर्ने व्यक्ति, बगैँचाका कामदार, भान्से, सुरक्षा गार्ड, नर्स र जनावरहरूको हेरचाह गर्नेहरू समावेश छन्। नयाँ नियमले कानुनीरूपमा यी कामदारहरूलाई ओमानको श्रम शक्तिको मुख्य योगदानकर्ताका रूपमा मान्यता दिने र उनीहरूका आधारभूत अधिकार सुनिश्चित गर्ने भनिएको छ। यो नयाँ नियम करार सम्झौताबाट घटाउन वा हटाउन पाइने छैन।

नयाँ नियमअनुसार घरेलु कामदारलाई ब्रेक र खाना खाने समयबाहेक दिनमा १२ घण्टाभन्दा बढी काम लगाउन पाइने छैन। उनीहरूले दैनिक कम्तीमा आठ घण्टाको विश्राम गर्ने समय पाउने छन् जसमा रोजगारदाताले हस्तक्षेप गर्न पाउने छैन। रोजगारदाताले कामदारको लिखित सहमति भएमात्र दुई घण्टासम्म तलबसहितको ओभरटाइम काम गराउन सक्ने छन्।

कामदारले हरेक हप्ता एउटा पूरै दिन बिदा लिन पाउने अधिकार छ। उनीहरूले बिदा लिएको दिनको तलब भने पूरै पाउने छन्। यदि बिदाको दिनमा कामदार स्वयम् काम गर्न तयार भएमा उनीहरूलाई दोब्बर तलब दिनपर्ने या अर्को दिन बिदा दिनुपर्ने व्यवस्था छ।

घरेलु कामदारहरूले अब वर्षको २१ दिन न्यूनतम तलबसहितको वार्षिक बिदा र मान्य मेडिकल प्रमाणपत्रसहित वर्षको अधिकतम् ३० दिन तलबसहितको बिरामी बिदा लिनसक्ने उक्त प्रावधानमा उल्लेख गरिएको जनाइएको छ। यो अवधिमा उनीहरूलाई काम गर्न बाध्य पार्न पाइने छैन।

रोजगारदाताहरूले महिना पुगेको सात दिनभित्र तलब भुक्तानी गर्नुपर्ने हुन्छ।

⏭ क्रमशः पृष्ठ २ मा

# दुई महिनामा भित्रियो साढे तीन खर्बभन्दा बढी रेमिट्यान्स

**■ प्रभाव संवाददाता**



**काठमाडौं–** चालु आर्थिक वर्षको दुई महिनामा साढे तीन खर्बभन्दा बढी विप्रेषण (रेमिटचान्स) मुलुक भित्रिएको छ। नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको मुलुकको वर्तमान आर्थिक तथा वित्तीय अवस्थासम्बन्धी विवरणअनुसार आव २०८२/८३ को साउन र भदौ महिनामा विप्रेषण आप्रवाह ३३.१ प्रतिशतले बढेर तीन खर्ब ५२ अर्ब आठ करोड रूपैयाँ पुगेको हो।

भदौ महिनामा मात्र एक खर्ब ७४ अर्ब ६७ करोड रूपैयाँबराबरको रेमिटचान्स आएको छ। अघिल्लो आव २०८१/८२ को सोही अवधिमा एक खर्ब २७ अर्ब ९९ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको थियो। अघिल्लो आवको भदौको तुलनामा चालु आवको भदौ महिनामा ४६ अर्ब ६८ करोड रूपैयाँ बढी रकम आएको छ।

अघिल्लो आवको पहिलो दुई महिनामा विप्रेषण आप्रवाह १५.२ प्रतिशतले बढेर दुई खर्ब ६३ अर्ब १४ करोड रूपैयाँ पुगेको थियो। अघिल्लो आवको यसै अवधिको तुलनामा यसपटक ८८ अर्ब ९४ करोड रूपैयाँ बढी रेमिटचान्स वैदेशिक रोजगारीबाट आएको छ। समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २७.६ प्रतिशतले वृद्धि भई दुई अर्ब ५२ करोड पुगेको छ। अघिल्लो वर्षको यही अवधिमा यस्तो आप्रवाह १४.२ प्रतिशतले बढेर एक अर्ब ९६ करोड रूपैयाँ पुगेको थियो।

समीक्षा अवधिमा खुद द्वितीय आय अर्थात् खुद ट्रान्सफर तीन खर्ब ८४ अर्ब ८८ करोड रूपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय दुई खर्ब ८७ अर्ब ७६ करोड रूपैयाँ रहेको थियो। साउन र भदौ महिनामा वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत माध्यमबाट अन्तिम श्रम स्वीकृति लिनेको संख्या ९० हजार १९८ जना रहेको छ।

त्यस्तै, पुनः श्रम स्वीकृति लिएर यस अवधिमा ४५ हजार ८८४ जना वैदेशिक रोजगारीमा गएका छन्। अघिल्लो आवको सोही अवधिमा संस्थागत र व्यक्तिगत माध्यमबाट ७६ हजार ४८५ जना र श्रम स्वीकृति नवीकरण गरेर ४० हजार ५८३ जना रोजगारीमा गएका थिए।

यस आवको दुई महिनामा कूल एक लाख ३६ हजार ८२ जना रोजगारीमा जाँदा अघिल्लो आवको सोही अवधिमा एक लाख १७ हजार ६८ जना विदेसिएका थिए।

⏭ क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमश:**

## जेन-जी आन्दोलनपछि...

### तोकेनन् महाधिवेशन

कांग्रेसमा अहिले नेतृत्व परिवर्तनको माग चर्किएको छ । देउवाले आफ्नो सम्बोधनमा महाधिवेशन घोषणा गर्ने अनुमानसमेत गरिएको थियो । तर देउवाले नेतृत्व छाड्ने संकेत गरे पनि घुमाउरो पारामा महाधिवेशन लम्ब्याउने संकेत गरेका छन् ।

'पार्टीको आन्तरिक जीवन, आगामी १५औं महाधिवेशन र नेतृत्व हस्तान्तरणका सवालहरू उठेका छन् । म साथीहरूलाई के आग्रह गर्न चाहन्छु भने 'घरमा सधैं एकै जना मुली रहँदैन' पार्टीमा पनि हमेसा एकै जना सभापति रहिरहँदैनन् । जहाँसम्म मेरो विषय छ, मैले पहिले नै हाम्रो वैधानिक व्यवस्थाले र मेरो राजनीतिक इच्छाले १५औं महाधिवेशनबाट पार्टी नेतृत्व विधिवत्रूपमा हस्तान्तरण गर्छु भनिसकेको छु,' नेतृत्व परिवर्तनबारे देउवाले भने । देउवाले तोकिएकै मितिमा महाधिवेशन गर्ने भनिए पनि कहिले गर्ने हो भन्ने विषयमा स्पष्ट पारेनन् ।

कांग्रेस महामन्त्री गगन थापाले भने यो देउवाको अन्तिम केन्द्रीय समिति भएको र सभापतिको सक्रिय भूमिकाबाट बिदा लिएको दाबी गरेका छन् । 'आज पार्टी कार्यालयमा सभापतिले केही महत्त्वपूर्ण निर्णय गर्नुभएको र उहाँको एकप्रकारले भन्ने हो भने सभापतिको हिसाबले आज अन्तिम सम्बोधनजस्तै पनि भयो,' महामन्त्री थापाले भने ।

कांग्रेसले असोज २६ गतेका लागि बोलाएको केन्द्रीय समिति अब ३० गतेका लागि धकेलेको छ । देउवाले महाधिवेशन तोक्ने जिम्मा केन्द्रीय समितिलाई तोकेका छन् ।

■■■

## भदौ २४...

'सामाजिक सञ्जालमा आएको अरु देशको भिडियोहरूबाट चोरेर मेरोमा देखाएछ । मेरो खिलाफमा फेक भिडियो बनाए । यसमा छिट्टै छानबिन होस्,' देउवाले भने । देउवाको घर जलेपछि धेरैजसोले पैसा पाएको भन्दै जलेका पैसाको भिडियो र फोटो सामाजिक सञ्जालमा राखेका थिए ।

### राष्ट्रपति पौडेलको प्रशंसा

देउवाले गत भदौ २४ गतेको कठिन अवस्थामा राष्ट्रपति रामचन्द्र पौडेलले परिपक्व भूमिका निभाएको भन्दै प्रशंसा गरेका छन् । 'भदौ २४ गतेको कठिन अवस्थामा महत्त्वपूर्ण भूमिका खेल्नुभएकोमा म राष्ट्रपति रामचन्द्र पौडेलज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यो प्रतिकूल समयमा उहाँको परिपक्व भूमिकाले मुलुकमा देखा पर्न सक्ने अर्को संकट रोकिएको छ,' देउवाले भने ।

सभापति देउवाले विगत ८० वर्षमा कांग्रेस नेपालको सबैभन्दा विश्वसनीय, नेपाली जनताको आस्थाको केन्द्र र सबैभन्दा ठूलो र मियो पार्टीका रूपमा रहँदै आएको बताए । उनले कांग्रेसको एकता आजको आवश्यकता भएको बताउँदै देशमा संकट उत्पन्न भएको वर्तमान अवस्थामा हाम्राबीचमा विद्यमान व्यक्तिगत वा समूहगत मतभेद, द्वन्द्व, असहमति सबैलाई थाँती राखेर एकतावद्ध हुनुपर्ने बताए ।

### 'निर्वाचनका लागि वातावरण बनोस्'

सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने मिति तोकेको छ । यसका लागि स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनको वातावरण तयार हुनुपर्नेमा देउवाको जोड रह्यो । 'निर्वाचनका लागि आवश्यक शान्ति सुरक्षा सुनिश्चित गर्ने र शान्तिपूर्ण निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ र सबैले स्वत: स्फूर्तरूपमा निर्वाचनमा भाग लिने अवस्था निर्माण हुन्छ भन्ने कुराको सुनिश्चितता गराउने जिम्मा सरकारको हो,' देउवाले भने । यसतर्फ सरकारको ध्यान जानुपर्ने बताउँदै उनले सरकारले निर्वाचनका लागि वातावरण बनाउन सकेमा देशलाई पुन: संवैधानिक बाटोमा फर्काउने आधार निर्वाचन भएको भन्ने विश्वास व्यक्त गरे ।

■■■

## हस्ताक्षर...

मंगलबार नबुझेको उक्त हस्ताक्षर कार्यवाहक सभापति खड्कालाई आज बुझाउने तयारी छ । विशेष महाधिवेशनको पक्षमा ५४.५८ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरेको गगननिकट केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले दाबी गरेका छन् ।

कांग्रेसको विधानअनुसार विशेष महाधिवेशन डाक्न ४० प्रतिशत प्रतिनिधिको हस्ताक्षर चाहिन्छ । कांग्रेसको १४औं महाधिवेशनमा चार हजार ७४३ महाधिवेशन प्रतिनिधि भए पनि पार्टी परित्याग गरेका र मृत्यु भएका कारणले अहिले चार हजार ५५६ प्रतिनिधि छन् । तीमध्ये दुई हजार ४८७ ले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका शिवाकोटीको दाबी छ ।

■■■

## प्रतिनिधिसभा...

यसबाहेक सभामुखले प्रतिनिधिसभा विघटनलाई असमर्थन गर्ने क्रममा विगतका नजिरहरूसमेत देखाउँदै छन् । प्रतिनिधिसभा विघटनको इतिहास हेर्ने हो भने विघटनको निर्णय बढी बदर भएका छन् । विघटनको कमै निर्णयमात्रै सदर भएको छ ।

वर्तमान संविधान जारी भएपछिको १० वर्षमा तीनपटक प्रतिनिधिसभा विघटन भएकोमा दुईपटक विघटनको निर्णय बदर भएको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पहिलोपटक ५ पुस २०७७ मा प्रतिनिधिसभा विघटन गरेका थिए । ११ फागुन २०७७ मा सर्वोच्च अदालतले उक्त विघटनलाई असंवैधानिक कदम भन्यो र प्रतिनिधिसभा पुनर्स्थापना गरिदियो । फेरि ८ जेठ २०७८ मा ओली नै प्रतिनिधिसभा विघटन गरे । सोही वर्षको २८ असारमा सवोच्चले पुन: विघटनलाई असंवैधानिक ठहर गऱ्यो ।

गत २७ भदौमा तेस्रोपटक प्रतिनिधिसभा विघटन भयो तर यसको भने न्यायिक परीक्षण हुन बाँकी छ । पुनर्स्थापनाबारे नै मंगलबार केही रिट पर्दा सभामुख घिमिरेले पनि सर्वोच्च अदालत जाने वा नजानेबारे निर्णय लिन दलका प्रमुख सचेतकहरूसँग आज राय लिन लागेका हुन् ।

पूर्वमहान्यायाधिवक्ताहरू, नेपाल बार र सर्वोच्च बारका पदाधिकारीसँगसमेत छलफल गर्ने सभामुखको तयारी छ । त्यसपछि मात्रै प्रतिनिधिसभा पुनर्स्थापनाको मागसहित सर्वोच्च जाने योजनामा सभामुख छन् ।

प्रतिनिधिसभा विघटन गर्दा प्रधानमन्त्री कार्कीले कुनै संवैधानिक आधार लिएकी थिइनन् । उनले गरेको सिफारिसकै आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले विघटनको निर्णय सदर गरिदिए । नयाँ चुनावको मिति २१ फागुनमा तोकिदिए ।

तर, नेकपा एमाले चुनावमा जान अनिच्छुक देखिएको छ । हालै सम्पन्न एमाले सचिवालय बैठकले संसद् पुनर्स्थापनाको पक्षमा एमाले उभिएको छ । पार्टी सचिव पद्मा अर्याल भन्छिन्, 'प्रतिनिधिसभा विघटन हठात् गरियो । यो असंवैधानिक छ, यसविरुद्ध एमाले उभिन्छ ।'

नेपाली कांग्रेसमा भने प्रतिनिधिसभा पुनर्स्थापना र चुनावमा जानेबारे मत भिन्नता देखिएको छ । जारी केन्द्रीय समिति बैठकले यसबारे निर्णय लिन बाँकी छ । नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत दलहरू नयाँ जनादेशका लागि चुनावमा जान तयार भइसकेका छन् । अन्य केही साना दल पनि चुनावमा होमिइसकेका छन् । यस्तो स्थितिबीच सभामुख घिमिरे प्रतिनिधिसभा विघटनको रिट लिएर स्वयं जाने कि नजानेबारे परामर्शमा जुटेका छन् ।

■■■

## ओमानमा...

यस्तो भुक्तानी बैंक ट्रान्सफर वा हस्ताक्षरसहितको रसिदमार्फत गर्नुपर्छ । ओमानी रियालमा वा परस्पर सहमत भएको कुनै पनि मुद्रामा कामदारलाई तलब दिन पाइन्छ । विशेष परिस्थितिहरू जस्तैः कामदारको लापरवाहीका कारण भएको क्षति, अदालतको जरिवाना र ऋणको भुक्तानी गर्नुपरे मात्र ज्याला कटौती गर्न पाइने छ र उक्त कटौती ज्यालाको २५ प्रतिशतभन्दा बढी हुन हुँदैन ।

उक्त कानुनले जबर्जस्ती श्रम लगाउन, उत्पीडनमा पार्न र पासपोर्ट या व्यक्तिगत कागजातको जफतलाई कडाइका साथ प्रतिबन्धित गर्दछ । यसले २१ वर्षभन्दा कम उमेरका व्यक्तिको रोजगारीलाई रोक्छ । रोजगारदाताले कामदारबाट भर्ती शुल्क माग्न र उनीहरूलाई तोकिएको भूमिकाभन्दा बाहिरको काममा लगाउन निषेध गर्दछ ।

रोजगारदाताले कामदारलाई योग्य आवास, खाना, स्वास्थ्य बिमा र यातायात उपलब्ध गराउनुपर्छ । करार समाप्त भएपछि पनि कम्तीमा एक वर्षका लागि रोजगार अभिलेख राख्नु अनिवार्य छ । पारदर्शिताका लागि अब सबै करारपत्रहरू श्रम मन्त्रालयमा विद्युतीयरूपमा दर्ता गर्नुपर्ने छ ।

श्रमिकहरूले दुर्व्यवहार, ठगी वा तलब पाउन ढिलाइ भएमा कुनै सूचना नदिई काम छोड्न सक्छन् । यस्तो अवस्थामा कामदारले सेवा अन्त्य गर्दा पाउने सुविधा र स्वदेश फिर्तीको खर्च रोजगारदाताले व्यहोर्नुपर्ने छ । कुनै विवाद भएको अवस्थामा अदालत जानुपरे श्रमिकले शुल्क तिर्नुपर्ने छैन । नयाँ नियम उल्लंघन गर्ने रोजगारदाताले प्रभावित श्रमिकहरूको संख्या गुणा गरी ५० देखि ५०० सम्म ओमानी रियाल जरिवाना तिर्नुपर्ने छ ।

यी प्रावधानहरू ओमानको 'भिजन २०४०' अनुरूप रहेको र यसले श्रमबजारलाई आधुनिक बनाउन र नैतिक रोजगार मापदण्डहरू प्रवर्द्धन गर्ने जनाइएको छ ।

■■■

## दुई महिनामा...

अघिल्लो वर्षको समीक्षा अवधिको तुलनामा यसपटक रोजगारीमा जानेको संख्या १९ हजार १४ जनाले बढेको छ । रोजगारीमा जानेको संख्या बढेसँगै मुलुक भित्रने रकम पनि बढ्न थालेको देखिन्छ ।

राष्ट्र बैंकले सार्वजनिक गरेको यो विवरणमा वैधानिक माध्यमबाट आएको रकममात्र समावेश गरिएको छ । रोजगारीमा जाने कतिपयले हुण्डीलगायतका माध्यमबाट अवैधानिक च्यानलबाटसमेत रकम पठाउने गर्छन् । यसरी पैसा पठाउँदा सुरक्षित मानिँदैन । यस्तो रकम सरकारी तथ्यांकमा पनि उल्लेख गरिँदैन ।

पछिल्लो समय सरकारले वैधानिक बाटोबाट रेमिटचान्स भित्रचाउन रेमिटचान्स खातामा पैसा पठाउँदा एक प्रतिशत बढी ब्याज दिने, सचेतना बढाउनेलगायतका विभिन्न नीति अवलम्बन गर्दै आएको छ ।

## भाइटीकाको उत्तम साइत कात्तिक ६ गते ११:३९ बजे

**काठमाडौं (प्रस)–** नेपाल पञ्चांग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको उत्तम साइत सार्वजनिक गरेको छ । कात्तिक ६ गते बिहीबार बिहान ११:३९ बजे भाइटीकाको साइत उत्तम रहेको समितिका अध्यक्ष प्रा. शम्भुप्रसाद ढकालले जानकारी दिए ।

कात्तिक ६ गते बिहीबार मध्याह्नकालमा टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि धनु लग्न, कन्या नवमांश, चर बेला र अभिजित् योग तथा विजय मुहूर्तको शुभ साइत दिइएको समितिका सदस्य प्रा. देवमणि भट्टराईले जानकारी दिए । 'राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्छ । सर्वसाधारणका लागि मध्याह्नकालमा टीका लगाउन कुनै समस्या छैन,' उनले भने ।

यस वर्ष यमपञ्चक कात्तिक १ गते शनिबारदेखि सुरु हुन्छ । त्यस दिनदेखि यमदीप दान सुरु गरिन्छ । धन त्रयोदशी र धनतेरस पर्व पनि यसै दिन परेको समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ । कात्तिक २ गते आइतबार काग तिहार परेको छ । यसै दिन धनवन्तरी जयन्ती पर्व पनि मनाइन्छ । कात्तिक ३ गते सोमबार बिहान नरक स्नानसहित कुकुर तिहार र बेलुकी लक्ष्मीपूजा परेको छ ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १६८ असोज २८ गते २०८२ मा प्रकाशित **Suhasha Link Pvt. Ltd.** को Lot No. 325579 को **Kong Lee Eng Sdn Bhd** कम्पनीको विज्ञापनमा मलेसिया रोजगारमा **Livestock Worker** को मासिक तलव (RM : 1700) ने.रु. ५७,१४० हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

SUHASHA LINK PVT. LTD.
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com

### मोटरसाइकल हराएको सूचना

मिति २०८२/०५/२८ गते अं. ०८:०० बजेको समयमा का.जि.का.म.पा. वडा नं. २ आफनै घर कम्पाउण्डमा पार्किङ्ग गरि राखेको ठाउँबाट बा.प्र.०२,०५८प१६५६को कालो निलो रङ्गको २२०सिसिको निम्न व्यहोरा भएको पल्सर मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी: हुलास अटो क्राफ्ट प्रा. लि.**

**ऋणीको नाम: सुरजमान तण्डुकार**
**ईन्जिन नं.:DKXCSA17094**
**च्यासिस नं.:MD2A13EX1SCA82277**
**सम्पर्क नं.:9851017148**

### कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Target Consultant Human Resources Pvt Ltd** (ई.प.नं. ५००/०६१/०६२) मा कार्यरत **दुर्गा लगुन (ना.प्र.प्र.नं: २६-०१-७५-०६५८०)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

TARGET **Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस ङभनब क्षलतभचलबतष्यलबा एखत। ितम। इजाजत नम्बर १३५२/०७४/०७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दि( नभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| Name | Address | Contact |
|---|---|---|
| Binod Thapa | Nepal | 24-01-073-05690 |
| Birendra Adhikari | Nepal | 1042-476 |
| Chhahara Chamling Rai | Nepal | 14-01-79-00156 |
| Dipa Mijar | Nepal | 34048-70/162 |
| Jakir Husen Khan | Nepal | 4/11175 |
| Jenita Shrestha | Nepal | 27-01-74-14086 |
| Kabita Dangol | Nepal | 27-01-71-10024 |
| Madan Thapa Magar | Nepal | 26-01-73-10419 |
| Prakash Luitel | Nepal | 1226 |
| Saurav Kadel | Nepal | 04-01-75-06988 |
| Srijana Sapkota | Nepal | 05-01-76-04443 |
| Sudipa Pandey | Nepal | 44017504090 |
| Sumina Thapa | Nepal | 30-01-77-02797 |
| Sunita Tamang | Nepal | 24-01-72-04992 |
| Ujjwal Regmi | Nepal | 051018/1085 |
| Yashoda Devkota | Nepal | 418923 |

OMEGA INTERNATIONAL **Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337,
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

# Sunapati Rural Municipality

**Office of the Municipal Executive**
**Hiledevi, Ramechhap**

## Invitation for Bids

***Date of publication: 2025/10/15 (2082/06/29)***

1. Sunapati Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **works provided below** under National Competitive Bidding procedures. The estimated amount for the works is Provided in Table below.

| S. N | Works | Contract Id | Amount | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Procurement for construction of Sunapati Basic Hospital perimeter Infrastructures | SUN/W/NCB/ 03/2082/083 | 3,704,691.78 | Nrs. 3000.00 | Nrs. 1,00,000.00 | |
| 2. | Procurement of Construction Of PaniGhat Bethan Sahid Park Infrastructures Nirman | SUN/W/NCB/ 04/2082/083 | 25,24,210.59 | Nrs. 3000.00 | Nrs. 60,000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sunapati Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically or may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost Nrs 3000.00 of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : Sunapati Gaupalika Antarik Rajaswa Khata
   **Name of Office** : Sunapati Rural Municipality
   **Office Code No.** 80324506300
   **Office Account No.:** 0700100000002202
   **Rajaswa (revenue) Shirshak No.** : 31155
4. Pre-bid meeting shall be held at Sunapati Rural Municipality, Hiledevi, Ramechhap at 13:00 Hrs, 2025/11/06 (2082/07/20).
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 2025/11/14 (2082/07/28). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on 2025/11/14 (2082/07/28) at the office of Sunapati Rural Municipality, Hiledevi, Ramechhap. Bids must be valid for a period of 90 Days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs provided in item no 1 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

### साउदीमा रोजगार

कम्पनी : ABDULLAH HUSSAIN ALMARHOON
पूर्व स्वीकृति मिति : २०८२/०६/२७ LT. No. 332404 चलानी नं. ६०२४६०८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 1000 | ३७,८७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ५ गते (22nd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

### कुवेत/साउदीमा रोजगार

कम्पनी : USM ROAD CLEANING COMPANY LLC
पूर्व स्वीकृति मिति : २०८२/०६/२७ LT. No. 332340 चलानी नं. ६०२४६०३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 0 | 3 | 85 | ३९,३३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TABKHA RESTAURANT COMPANY FOR KUWAITI AND LEBANESE FOOD
पूर्व स्वीकृति मिति : २०८२/०६/०९ LT. No. 332337 चलानी नं. ६०२४६१०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (CAR WASH) | 2 | 0 | 120 | ५५,५२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 3 | 0 | 120 | ५५,५२९ | | | | | | | |

कम्पनी : AL FAKHER FOOD INDUSTRIES COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०६/०९ LT. No. 332189 चलानी नं. ६०२४६१०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 3 | 0 | 1500 | ५६,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: फेवा इन्टरनेशनल ट्रेनिङ सेन्टर वडा नं. ७ जनकपुरधाम, धनुषामा मिति २०८२ कार्तिक ५ गते (22nd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु.२५९६/- कामदारले तिर्ने | १०,०००/- | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80

### साउदीमा रोजगारको अवसर

कम्पनी : MASAH ART FOUNDATION
पूर्व स्वीकृति मिति : २०८२/०६/२४ LT. No. 332071 चलानी नं. ६०२४६०८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Roof Cleaners | 2 | 0 | 1200 | ४५,३९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAM COFFEE FOUNDATION
पूर्व स्वीकृति मिति : २०८२/०६/२४ LT. No. 332073 चलानी नं. ६०२४६०८३
सेवा शुल्क रु.१०,०००/-

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 2 | 0 | 1100 | ४१,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ORYX CAFE ESTABLISHMENT FOR SERVING BEVERAGES
पूर्व स्वीकृति मिति : २०८२/०६/२४ LT. No. 332223 चलानी नं. ६०२४६०८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista coffee maker | 2 | 0 | 1500 | ५६,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 4 | 0 | 1100 | ४१,६१५ | | | | | | | |

कम्पनी : AHMED SALEH AL-SUWAIJ FOUNDATION
पूर्व स्वीकृति मिति : २०८२/०६/२४ LT. No. 332211 चलानी नं. ६०२४६०८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1200 | ४५,३९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JABAL CONSTRUCTION GENERAL CONTRACTING CO.
पूर्व स्वीकृति मिति : २०८२/०६/२७ LT. No. 332361 चलानी नं. ६०२४६०९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 3 | 0 | 2500 | ९४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ५ गते (22nd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

# विपिनको शव नेपाल ल्याउने परराष्ट्रले थाल्यो प्रक्रिया



**काठमाडौं (प्रस)–** विगत दुई वर्षदेखि प्यालेस्टिनी समूह हमासको कब्जामा रहेका नेपाली विद्यार्थी विपिन जोशीको शव नेपाल ल्याउने प्रक्रिया सुरू गरिएको छ ।

परराष्ट्र मन्त्रालयले मंगलबार विज्ञप्ति जारी गरी इजरायलस्थित नेपाली दूतावासका प्रतिनिधिले मंगलबार तेल अविवस्थित 'नेसनल सेन्टर फर फरेन्सिक मेडिसिन'को भ्रमण गरी विपिनको शवबारे थप पुष्टि गरेको र शव नेपाल ल्याउनेबारे प्रक्रिया सुरु भएको जानकारी दिएको छ । मन्त्रालयले जोशीको शव नेपाल ल्याइसकेपश्चात् पनि निजको मृत्युको वास्तविक कारण र परिस्थितिका सम्बन्धमा सम्बन्धित सरकार तथा सरोकार भएकाहरूसँगको सहयोग र समन्वयमा सत्यतथ्य पत्ता लगाउन, न्याय दिलाउन र निजको परिवारले पाउने सामाजिक सुरक्षा, क्षतिपूर्ति, बिमा, सुविधा आदिको लागि उचित पहल जारी राख्ने जनाएको छ ।

मंगलबार अपराह्न परराष्ट्रसचिव अमृतबहादुर राईले इजरायलको परराष्ट्र मन्त्रालयका समकक्षी 'डाइरेक्टर जनरल' एडेन बार तलसँग टेलिफोन कुराकानी गरेको र उनले नेपाली नागरिक जोशीको निधन भएको औपचारिक जानकारी गराएको मन्त्रालयले उल्लेख गरेको छ । यसैगरी इजरायल र हमास समूहबीचको दुई वर्ष लामो द्वन्द्वपछि भएको यद्धविरामपश्चात् हमासले जोशीको शव सोमबार रेडक्रसमार्फत इजरायललाई हस्तान्तरण गरेको जनाइएको छ ।

सन् २०२३ अक्टोबर ७ देखि हमासको कब्जामा रहेका इजरायलको 'सिक्दै र कमाउँदै' कार्यक्रममा सहभागी नेपाली विद्यार्थी जोशीको सकुशल रिहाइका लागि नेपाल सरकारले सुरुदेखि विभिन्न तहबाट यथासम्भव सबै किसिमका प्रयासहरू गरेको थियो । इजरायल र हमासबीच युद्धविराम भएपछि सन् २०२५ अक्टोबर १३ का दिन इजरायली सेनाले त्यहाँस्थित नेपाली राजदूत, विपिनका दाजु, आमा, बहिनी, इजरायली परराष्ट्र मन्त्रालय र इजरायली प्रधानमन्त्री कार्यालयका अधिकारीसहितको 'भर्चुअल' बैठकमार्फत रिहा हुने बन्दीमा विपिन जोशीको नाम समावेश नरहेको र उनको अवस्था अज्ञात रहेको जानकारी गराएको थियो ।

# 'विपद् व्यवस्थापनका लागि प्रभावकारी सूचना प्रणाली आवश्यक'




■ प्रभाव संवाददाता

**ललितपुर–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री कुलमान घिसिङले विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक अध्ययन गरेर बस्ती विकास गर्नु आवश्यक रहेको बताएका छन् ।

विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दिवस-२०२५ का अवसरमा सोमबारदेखि यहाँ आयोजित विपद् जोखिम न्यूनीकरणसम्बन्धी चौथो राष्ट्रिय सम्मेलन समापन गर्दै मंगलबार उनले जलवायु परिवर्तनका कारण नेपालले हरेक वर्ष विपद्को सामना गरिरहनुपरेको भन्दै यसका लागि प्रभावकारी व्यवस्थापन र सूचना प्रणाली आवश्यक रहेको बताएका हुन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आयोजना गरेको कार्यक्रम समापनमा मन्त्री घिसिङले भने, 'नदी प्रणाली र जल व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन नसक्दा विपद् व्यवस्थापनमा समस्या देखिएको छ। खाद्यसुरक्षा र खोला किनारामा भएको अव्यवस्थित बस्ती विकासले विपद् व्यवस्थापनलाई चुनौती दिएको छ । अब कुन ठाउँमा बस्ती बसाउन सकिन्छ भनेर आवश्यक अध्ययन गरेर व्यवस्थापन गर्न आवश्यक छ ।'

उनले विपद् व्यवस्थापनलाई सामाजिक पक्षबाट पनि ध्यान दिनु आवश्यक रहेको उल्लेख गर्दै नेपालको करिब ३० वटा नदी क्षेत्रको जल व्यवस्थापन गर्न सकिए सिँचाइ र खानेपानीको व्यवस्थापनलाई सहज बनाउन तथा बाढी नियन्त्रणमा सहयोग पुग्ने धारणा राखे ।

कार्यक्रममा प्राधिकरणका कार्यकारी निर्देशक इञ्जिनियर दिनेश भट्टले विपद् जोखिम न्यूनीकरणका लागि भौतिक पूर्वाधारको बिमा गरिनुपर्ने भन्दै स्थानीय सरकार र नागरिक समुदायलाई सशक्त बनाउन आवश्यक रहेकामा जोड दिए । उनले विपद्का लागि काम गर्ने सुरक्षाकर्मीको क्षमता अभिवृद्धिमासमेत ध्यान दिनुपर्ने बताए ।

विपद् पूर्वतयारी सञ्जाल नेपाल (डिपी नेट)का अध्यक्ष डाक्टर राजु थापाले विपद्बाट जोगाउन उत्थानशील क्षेत्रमा लगानी बढाउँदै रैथाने ज्ञानको उपयोग र स्थानीय स्रोतसाधनको अधिकतम प्रयोगमा जोड दिनुपर्ने बताए ।

# कडा रोग लागेका बीमितका लागि पुन: 'रिफर' आवश्यक नपर्ने

**काठमाडौं (प्रस)–** स्वास्थ्य बिमा बोर्डले कडा खालका रोगका लागि प्रथम सेवा बिन्दुबाट एकपटक प्रेषण भई सोही अस्पतालमा 'फलोअप' गराउँदा पुनः प्रेषण (रिफर) आवश्यक नपर्ने जनाएको छ ।

बोर्डले बीमित व्यक्ति प्रथम सेवा बिन्दुको सेवा अपुग भई रिफरल केन्द्रमा जाँदा विभिन्न समस्या पर्ने भएकाले पुनः रिफर गर्नु नपर्ने व्यवस्था गरेको हो । बोर्डकी उपसचिव पुण्यमाया गुरागाईंले एकपटक प्रथम सेवा बिन्दुबाट रिफर गरिसकेको बिरामीलाई पुनः रिफर आवश्यक नभएको बताइन् । उनका अनुसार बोर्डअन्तर्गतका सबै सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई पत्रचार गरी सो विषयमा जानकारी गराइसकिएको छ ।

बोर्डले क्यान्सर, मुटु, मिर्गौला, हेड इञ्जुरी, स्पाइनल इञ्जुरी, सिकलसेल, एनिमिया, पार्किन्सन, अल्जाइमरजस्ता कडा रोग लागेका बिरामीलाई एकपटक रिफर गरिसकेको अवस्थामा सोही अस्पतालमा उपचार गर्न जाँदा पुनः रिफर आवश्यक नपर्ने जनाएको हो ।

त्यसैगरी अति गरिबीको परिचयपत्र प्राप्त परिवार, अति अशक्त, अपागंगता, कुष्ठरोगी, एचआइभी संक्रमित, जटिल खालका क्षयरोग र ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको हकमा पनि एकपटक रिफर भई सोही अस्पतालमा फलोअप गराउँदा पुनः रिफर आवश्यक नपर्ने निर्णय गरिएको उपसचिव गुरागाईंले जानकारी दिइन् ।

आँखा स्वास्थ्यसम्बन्धीको जटिल समस्या, गर्भवती तथा सुत्केरी, दम, कडा किसिमका मानसिक रोग हकमा पनि रिफर आवश्यक नपर्ने जनाइएको छ । देशभरि बोर्डमा प्रथम सेवा बिन्दु ३७७ वटा स्वास्थ्य संस्था र रिफरल स्वास्थ्य संस्था ९८ वटा छन् । बोर्डले संघीय अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल र प्रतिष्ठानलाई प्रेषण केन्द्रका रूपमा राखेको छ । बोर्डमा हाल ९४ लाख बीमित आबद्ध छन् ।


## कुवेतमा रोजगार

कम्पनी : ARNIES RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 332358 | चलानी नं. ६०२४६०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst cooks | 10 | 0 | 140 | ६४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 4 | 0 | 160 | ७३,९४५ | | | | | | | |
| 3 | Cook | 15 | 0 | 150 | ६९,३२५ | | | | | | | |
| 4 | Kitchen helper (indoor) | 16 | 0 | 130 | ६०,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
- सी.पी. होटल, बिर्तामोड, झापामा मिति: २०८२ असोज २९ गते (15th Oct . 2025) मा हुनेछ ।
- होटल इन्टुरिस्ट, इटहरीमा मिति: २०८२ असोज ३० गते (16th Oct . 2025) मा हुनेछ ।
- रेड कोरल, चितवनमा मिति: २०८२ असोज ३१ गते (17th Oct . 2025) मा हुनेछ ।
- संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा रोजगार

कम्पनी : Mohammed bin Barak bin Amer Al-Sairi Warehousing Establishment

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 332409 | चलानी नं. ६०२४६१०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD WORKERS | 3 | 0 | 1000 | ३७,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १९ गते (5th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

श्रम ईजाजत नं. १७२/०५६/५७



## कतारमा रोजगार

कम्पनी : MOMOS DARBAR RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०६२७ | LT. No. 332411 | चलानी नं. ६०२४६०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 4 | 0 | 1500 | ५८,१६९ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chef | 2 | 0 | 2000 | ७७,५५८ | | | | | | | |
| 3 | Cooker | 4 | 0 | 1700 | ६५,९२५ | | | | | | | |
| 4 | GEN. CLEN. WORKER | 1 | 0 | 1000 | ३८,७७९ | | | | | | | |
| 5 | Waiters | 0 | 4 | 1500 | ५८,१६९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ५ गते (22nd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np


## घोडाघोडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

### करार सेवामा कर्मचारी पदपुर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०६/२९**

यस घोडाघोडी नगरपालिकाको वडा नं.२ साडेपानीमा संचालनमा रहेको घोडाघोडी नगर अस्पतालको लागि सेवा करार मार्फत कामकाजमा लगाउने गरी जनशक्ति पदपुर्ति गर्नु पर्ने भएकोले देहायको पदमा योग्यता पुगेका इच्छुक उम्मेद्धवारहरूले दरखास्त पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | श्रेणी/तह | सेवा | समुह | संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०८२-८३ | करार | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ज. हे.स. | २ जना |

१. आवश्यक पद :- मेडिकल अधिकृत
२. छनौटको किसिम :- संक्षिप्तीकरण र अर्न्तवार्ता ।
३. दरखास्त दिने अन्तिम मिति :- २०८२/०७/११ गते (दरखास्त दिने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा कार्यालय खुलेको अर्को दिन कार्यालय समय भित्र) ।
४. उम्मेदवारको उमेर हद :- विज्ञापन दिने अन्तिम मिति सम्म २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
५. न्युनतम् शैक्षिक योग्यता :-
- मान्यता प्राप्त शिक्षण संस्थाबाट (MBBS) चिकित्सा शास्त्रमा स्नातक तह उत्तिर्ण गरेको र नेपाल मेडिकल काउन्सीलमा दर्ता भएको ।

६. तलव स्केल :- नगरपालिकाको निर्णयानुसार ।
७. पेश गर्नुपर्ने कागजातहरू :-
- दरखास्त आवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- न्युनतम् शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू,
- नेपाल चिकित्सा परिषद्मा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि (नविकरण म्याद भित्रको)
- कार्य अनुभव प्रमाणपत्रको प्रतिलिपिहरू
- स्थायी ठेगाना खुल्ने प्रमाणपत्रको प्रतिलिपि

८. आवेदन दस्तुर :- रु १०००/- (अक्षरूपी रु एक हजार मात्र),
९. मौखिक परिक्षा

मौखिक परीक्षाको मिति संक्षिप्त सूची प्रकाशन भई सकेपछि घोडाघोडी नगरपालिकाको वेवसाईटमा सूचना प्रकाशन गरिनेछ ।

**(नोट : दरखास्त फाराम घोडाघोडी नगरपालिकाबाट प्राप्त गर्न सकिनेछ वा नगरपालिकाको, वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ । )**

**प्रमुख प्रशासकीय अधिकृत**

## Miklajung Rural Municipality
## Office of The Rural Municipal Executive
**Madhumalla, Morang**
**Koshi Provience, Nepal**

### Invitation for Bids

**Date of Publication- 2082/06/29 (2025/10/15)**

1. Miklajung Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the procurement of Goods.
2. A complete set of Bidding Documents may be purchased from EGP system i.e www.bolpatra.gov.np/egp by eligible Bidders with necessary document.

Name of the Bank- Nmb Bank Limited
Name of Office- Miklajung Rural Municipality Rajaswa Sirshak-14229
Office code- 801011317
Account No- 0610058213000013 (for Bid Document Fee) GA-1-1 ANTARIK RAJASWA KHATA
Account No- 0610058231000061 ( for Bid Security for Cash Deposit) GA-3.1 ISTHSNIYS TAHA DHARAUTI KHATA

| S.n | Contract ID | Name of Contract | Estimated Amount (Including VAT) | Bid Security | Bid fee | Bid Submission and open Date | Procurement Type |
|---|---|---|---|---|---|---|---|
| 1 | MRM/MOR/NCB/G/01-2082.83 | Supply and Delivery of Stationary-Masland related Goods | NRs 23,31,359.50 | NRs 60,000 | 3000 | 2025/11/14 | NCB Online |

**Chief Administrative Officer**

## सवल सारथी बचत तथा ऋण सहकारी संस्था लि.
न्यूरोड, २२ काठमाडौं, फोन. नं ०१-५७१३३३८

### ३५ दिने कर्जा तिर्न आउने बारेको सूचना

**प्रकाशित मिति : २०८२/६/२९**

यस सवल बचत तथा ऋण सहकारी संस्था लि. न्यूरोड, काठमाडौंबाट तपशिल उल्लेखित ऋणीहरूले विभिन्न मितिमा विभिन्न धितो राखि वा धन जमानिका आधारमा लिएको ऋणको यस सहकारी संस्था संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु पर्ने साँवा व्याज नतिरी संस्थाको नियम उल्लंघन गरेको र पटक-पटक ऋण तिर्न लिखित तथा मौखिक ताकेता गर्दा समेत वेवास्ता गरेकाले तपशिल उल्लेखित ऋणीहरूलाई ३५ दिन भित्र यस सहकारीमा बुझाउनु पर्ने साँवा व्याज सहित कर्जा चुक्ता गर्न वा तिरेको बुझाएको भए सोको प्रमाण पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । अत यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण साँवा, व्याज सहितको कर्जा बुझाउन नआए सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ एवमं प्रचलित कानुन बमोजिम धितो जफत गरी कर्जा असुल उपर गरिने जानकारी गराउदछौं ।

| ऋणीको नाम | धन जमानी | धितो विवरण |
|---|---|---|
| **ऋणीको नाम : रमेश राजबहाक**<br>बाबु : राम राजबाहक<br>बाजे : कृष्ण लाल राजवहाक<br>ना.प्र.नं. १८५३४ भक्तपूर<br>बर्ष : ४८ को<br>स्थायी ठेगाना : मध्यपुर ठिमी न. पा. वडा नं. ०३ भक्तपूर जिल्ला<br> | **नाम: लक्ष्मी राजवाहक**<br>बर्ष ४८ को<br>ठेगाना : मध्यपुर ठिमी न. पा. वडा नं. ०३, भक्तपूर जिल्ला<br>बुवा : कृष्ण लाल राजवहाक<br>श्रीमान् : रमेश राजवाहक<br>ससुरा : कृष्ण लाल राजवहाक<br>ना.प्र.प.नं.: २९३००२/१६९४ भक्तपूर<br> | भक्तपूर जिल्ला दुवाकोट वडा नं. २, २(ग) कित्ता नं. ९८० र ९८२ क्षेत्रफल जम्मा १५८.९८ ब.मी. |
| **ऋणी : सुदर्शन कुमार खतिवडा**<br>बर्ष ५२ को<br>बाजे : गंगादत्त खतिवडा<br>बुवा : ठाकुर प्रसाद खतिवडा<br>का.जि. का.म.पा वडा नं.४<br>न प्र.नं. ६०३०/७०३० काठमाण्डौ, नेपाल<br> | **साथै समयमै साँवा व्याज नतिरेका अन्य ऋणीहरूलाई समयमै ऋण चुक्ता गर्नुहुन आग्रह गरिन्छ । यदि समयमै ऋण चुक्ता नगर्ने ऋणीहरूको यसैगरी फोटो सहित सूचना प्रकाशन गरिने छ ।** | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# युएईको रोजगारी खुलाउन तत्काल पहल गरियोस्

**नेपालीको प्रमुख श्रम गन्तव्य हो संयुक्त अरब इमिरेट्स (युएई)। तर जेन–जी आन्दोलनलाई कारण देखाउँदै यहाँ जाने ढोका बन्द भएको महिना दिन पुगिसक्यो । हरेक आन्दोलनलेझैं जेन–जी आन्दोलनले पनि परिवर्तन ल्यायो । सरकार परिवर्तन भयो । नयाँ सरकारको नारा हुने गर्छ– स्वदेशमै रोजगारी सिर्जना । तर यो अन्तरिम सरकार चुनावी सरकार भएकोले तत्काल रोजगारी सिर्जना हुने अवस्था देखिँदैन ।**

**यो आन्दोलनलाई युवाहरूले अवसरका रूपमा लिए पनि रोजगारीका लागि भौतारिएका युवाहरू भने समस्यामा परेका छन् । जेन–जी आन्दोलनको क्रममा भदौ २४ गते जेलका कैदीहरू भागेको र उनीहरू प्रवेश गर्ने आशंकामा युएईले भिसा रोकिदिएको हो । जसले गर्दा रोजगारीमा जान तयार भएका युवाहरूको भविष्य अन्योलमा परेको त छ नै वैदेशिक व्यवसायीहरूमा पनि अन्योलता बढेको छ ।**

**कतै यही निहुँमा मलेसियालेझैं युएईले पनि नेपाली कामदार कटौती गर्दै लाने हो कि ? एक त जेन–जी आन्दोलपछि गठन भएको सरकारले अझै पनि कैदीहरूलाई कारागार फर्काउन सकेको छैन । कति हतियारसहित फरार भएका छन् । १३ हजार कैदी फरार हुँदा पाँच हजारजति अझै पनि कारागार फर्किएका छैनन् ।**

**नेपाल प्रहरीको मनोबल बढाउनेगरी कुनै योजना पनि ल्याउन सकेको छैन । प्रहरीमा प्रदर्शनकारी र दलका नेताहरूबीच दोहोरो उजुरी परिरहेको छ । अर्कोतिर सुशीला कार्की नेतृत्वको सरकार गठन भएको महिना दिन पूरा भइसक्दा पनि विभागीय मन्त्री श्रम मन्त्रालयले पाएको छैन । देशको आर्थिक संकट चुलिँदो परिस्थितिमा यस किसिमको समस्या भविष्यमा झनै गम्भीर समस्या ल्याउने निश्चित छ ।**

**हाल युएईको काम गर्ने व्यवसायी ५०० भन्दा बढी छन् । युएई जाने प्रक्रिया थालेका करिब १० हजार श्रमिक पनि अलमलमा परेका छन् । आन्तरिक रोजगारी सिर्जना गर्न नसक्ने सरकारले यो विषयलाई गम्भीरताका साथ लिनुपर्छ । सरकारले चाँडोभन्दा चाँडो युएईको भिसा खुलाउन कूटनीतिक पहल गरोस् । यसैगरी शान्ति सुरक्षा कायम गर्नुका साथ श्रम गन्तव्य मुलुकलाई विश्वासमा लिन कैदीहरूलाई चाँडै कारागार फर्काउने वातावरण बनाओस् ।**

**यी आधार तय भएमा दूतावास र सचिवको तहबाट पनि श्रम गन्तव्य मुलुकले भिसा खुलाउन सक्छ । विभागीय मन्त्री नै चाहिन्छ भन्ने पनि छैन । यद्यपि मन्त्री हुँदा सहजीकरण र नेतृत्व लिन केही सहज हुन्छ । तर सबैभन्दा पहिले व्यवस्था सुधार्न सरकारले शान्ति सुरक्षा चुस्तदुरुस्त बनाएर फरार कैदी कारागार फर्काउनुका साथै युएईसँग कूटनीतिक पहल थालिहाल्नुपर्छ । युएईसँगै अन्य मुलुकले पनि नेपाली श्रमिक लैजान गरेको कडाइको विषयलाई सरकारले गम्भीरताका साथ लिनुपर्छ ।**

# पर्यटन क्षेत्रको पुनरुत्थानमा चाल्नुपर्ने कदम



मनोहर कार्की

> पर्यटन क्षेत्रको विकासका लागि घोषित नीति कार्यक्रमले मूर्तता पाउन एकीकृत र सघन रणनीतिक कार्यक्रमलाई सम्बोधन गर्न जरुरी छ । यसका लागि पर्यटन, कृषि तथा पर्यावरणीय पक्षका आर्थिक उद्यमशीलता, रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । साथै पर्यटनलाई भरपर्दो सेवा उद्योग वा व्यवसायको मान्यता दिने वातावरण हुनुपर्छ । स्थानीय कृषि, पशुपालन, वनपैदावर र पर्यापर्यटनलाई रोजगारी र व्यावसायिक वातावरणसँग जोड्ने कार्यले निरन्तरता पाउनुपर्छ । ग्रामीण घरवास कार्यक्रम, सांस्कृतिक धार्मिक क्षेत्रका पर्यटकीय गन्तव्यलाई थप आकर्षक बनाउने दिशामा ध्यान पुग्नुपर्छ ।

भरपर्दो सेवाजन्य उद्योगका रूपमा विगतको लामो समयदेखि पर्यटन क्षेत्रले छाप छोड्न सकेको छ । विदेशी मुद्रा आर्जन र रोजगारीको सिर्जनाका हिसाबले पर्यटन क्षेत्रको योगदान उल्लेख्य रही आएको छ । सहरदेखि दूरदराजका बस्तीसम्म पर्यटन र पर्यटकीय वातावरण विस्तार हुन सकेमा पर्यटन उद्योगलाई आर्थिक सवलीकरण तथा रोजगारीको भरपर्दो व्यवसायको रूपमा विकास गर्न सकिन्छ ।

पर्यटन उद्योगलाई प्रमुख उद्योगका रूपमा संस्थागत विकासका लागि सरकारले चालेका नीतिगत कार्यक्रममा थप पृष्ठपोषण र सहकार्यको आवश्यकता छ । जसमा निजी तथा सार्वजनिक क्षेत्रको सक्रियता र सहकार्यले महत्त्व राख्दछ । सरकारले यस वर्षको नीति तथा कार्यक्रममा पनि पर्यटन क्षेत्रलाई महत्त्व दिएर यसको दीर्घकालीन विकासका लागि साझेदारी विकासका अवधारणालाई अघि सारेको छ ।

हालैको जेन-जी आन्दोलनका क्रममा भएका विभिन्न क्षेत्र र संरचनाका क्षतिका क्रममा पर्यटन क्षेत्रका संरचना पनि अछुतो रहन सकेनन् । त्यसै आन्दोलनका दैरानमा कयौं होटल तथा पर्यटकीय आतिथ्यता प्रदान गर्ने दर्जनौं संरचनाको क्षति हुनु दुःखद् तथा खेदजनक छ । प्रारम्भिक तथांकअनुसार २५ अर्बभन्दा बढीको क्षति पुगेको र तीन हजारभन्दा बढीको तत्काल रोजगारी गुमेको बुझ्नमा आएको छ ।

भोलिका दिनमा यस्ता सेवाप्रदायक तथा आतिथ्यता प्रदान गर्ने उद्योगलाई शान्तिक्षेत्रका रूपमा स्थापित गरेर नेपालको पर्यटन क्षेत्रमा बेलाबेलामा पर्न जाने राजनीतिक तथा हिंसात्मक र उत्तेजक गतिविधिबाट टाढा राख्नु न्यायसंगत रहला । यसमा सबैको इमान्दारिता र नैतिक दायित्व पनि रहन्छ । यस वर्षको पर्यटन दिवस मनाउँदै गर्दा पर्यटकले 'हामी नेपालमा छौं अहिले' भन्ने स्लोगनलाई यहाँ घुम्न आएका विदेशी पर्यटकले सार्वजनिकरूपमा सन्देश प्रवाह गर्नु पर्यटन क्षेत्रमा देखिएको अन्योलको कालो बादलको घेरालाई चिर्न निक्कै सहयोगी भएको छ । आशा गरौं भोलिका दिनमा र सबै याममा विदेशी पर्यटकको ओइरो लागिरहोस् ।

सरकारको नीति तथा कार्यक्रममा पर्यटन क्षेत्रको बहुआयामिक विकास र परिलक्षित कार्यक्रमलाई दिगो पर्यटन विकासका उद्देश्य निर्धारण गर्ने दिशामा परिणाममुखी हुने अपेक्षा गर्न सकिन्छ । मुख्यतः चारवटा बुँदामा पर्यटनसम्बन्धी सरकारका नीति तथा कार्यक्रम निर्धारण गरिएको छ । पर्यटनसम्बन्धी नीति तथा कार्यक्रममा नेपालको प्राकृतिक, सांस्कृतिक, आर्थिक सवलीकरणसँग जोड्ने । दिगो, पर्यावरण तथा वातावरणमैत्री पर्यटन प्रवर्द्धनलाई नीति कार्यक्रममा प्राथमिकीकरण गरिनु । योजनाबद्ध विकास र समुदाय केन्द्रित पर्यटन विकासका कार्यक्रमलाई अघि बढाउनु जरुरी देखिन्छ । नेपालका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका धरोहरहरूलाई विश्वसम्पदा सूचीमा राख्न पहललाई निरन्तरता दिँदै थप यस्ता धरोहरहरूलाई सूचीकृतका लागि पहलले तदारुकता पाओस् । नेपालको हवाई सेवा तथा नागरिक उड्डयन प्राधिकरणको प्रभावकारी नियमन तथा व्यवस्थापकीय सवलीकरणका लागि समयानुकूल ऐन निर्माण र परिमार्जनमा सरकारले प्राथमिकताका साथ कार्यपद्धतिलाई अवलम्बन गर्ने नीतिगत घोषणा भएअनुसार यसको कार्यान्वयन पक्षलाई तदारुकताका साथ कार्यक्षेत्रमा ल्याउनुपर्ने देखिन्छ ।

पर्यटन क्षेत्रको विकासका लागि घोषित नीति कार्यक्रमले मूर्तता पाउन एकीकृत र सघन रणनीतिक कार्यक्रमलाई सम्बोधन गर्न जरुरी छ । यसका लागि पर्यटन, कृषि तथा पर्यावरणीय पक्षका आर्थिक उद्यमशीलता, रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । साथै पर्यटनलाई भरपर्दो सेवा उद्योग वा व्यवसायको मान्यता दिने वातावरण हुनुपर्छ । स्थानीय कृषि, पशुपालन, वनपैदावर र पर्यापर्यटनलाई रोजगारी र व्यावसायिक वातावरणसँग जोड्ने कार्यले निरन्तरता पाउनुपर्छ । ग्रामीण घरवास कार्यक्रम, सांस्कृतिक धार्मिक क्षेत्रका पर्यटकीय गन्तव्यलाई थप आकर्षक बनाउने दिशामा ध्यान पुग्नुपर्छ । यसका साथै नेपालको हवाई क्षेत्रको सुरक्षाको प्रत्याभूतिले अन्तर्राष्ट्रिय मान्यताको प्रत्याभूति पाउने दिशामा सक्दो पहल गर्नुपर्छ ।

पछिल्लो तथ्यांकलाई केलाउने हो भने पनि भारत, अमेरिका, चीन, बंगलादेश, अस्ट्रेलिया तथा जर्मनीबाट क्रमागतरूपमा बढी पर्यटक नेपाल भ्रमणमा आएका छन् । विगतका केही वर्षको पर्यटकीय आगमनको तथ्यांकलाई विश्लेषण गरिएको खण्डमा नेपाल आउने पर्यटकहरूमा चिनियाँ, भारतीय पर्यटकका साथै मलेसिया, सिंगापुर तथा खाडी मुलुकका पर्यटकहरूको आवागमन तथा उनीहरूलाई पुऱ्याउन सकिएको पर्यटकीय सेवाले नेपालको पर्यटकीय क्षेत्रको आर्थिक लाभका क्षेत्रमा निकै योगदान दिइआएको बुझ्न सकिन्छ । अबको दिनमा चिनियाँ तथा दक्षिणपूर्वी एसियाली मुलुकका पर्यटकको आकर्षणमा थप ऊर्जा दिने सवालमा सम्बन्धित सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण हुनु आवश्यक छ । अबको कार्यगत आवश्यकता भनेको 'सबै समय सबै याम पर्यटन सेवा' मान्यताका आधारमा पर्यटन प्रवर्द्धन र पर्यटकीय सेवाको कार्यकलापहरू अझ विस्तार गर्न सकिएमा पर्यटन क्षेत्रको आशाका बुँदाहरू सिञ्चन गर्न सकिन्थ्यो कि !

पर्यटन प्रवर्द्धन र समयानुकूल विकासका सवालमा विभिन्न मुलुकमा भए गरिएका प्रयासलाई उदाहरणीय कार्यका रूपमा लिने बानीको थालनी हामीले कहिले गर्ने ? उदाहरणका रूपमा सन् ८० को दशकमा दुई दशकभन्दा बढी गृहयुद्धको भयावह अवस्थाबाट गुज्रिएको क्याम्बोडियाले पछिल्ला समयमा राजनीतिक स्थिरता, योजनाबद्ध पर्यटन प्रवर्द्धन र विकासका रणनीतिक कार्यक्रमको सफल कार्यान्वयनका कारण पर्यटन क्षेत्रमा आश्चर्यजनक संख्यात्मक र गुणात्मक फड्को मारेको छ । हालका समयमा क्याम्बोडियामा प्रतिवर्ष लाखौंको संख्यामा विदेशी पर्यटकले भ्रमण गर्ने तथा ती पर्यटकको कुशलतापूर्वक आतिथ्यता प्रदान गर्न सकेको छ । यसका साथै पर्यटन गन्तव्यका दृष्टिकोणले निकै फड्को मारिसकेका दक्षिणपूर्वी एसियाली मुलुकहरू थाइल्याण्ड, इण्डोनेसिया, मलेसिया तथा सिंगापुरमा पर्यटन विकासले उत्कृटता हासिल गर्न सकेको छ ।

छिमेकी मुलुक चीनको स्वशासित क्षेत्र तिब्बतले विगतका केही वर्षदेखि गुणात्मक र परिणाममुखी पर्यटकीय विकासमा छलाङ मारेको छ । गुणस्तरीय पर्यटकको आतिथ्यता प्रदान गर्ने सवालमा नजिकको सार्क मुलुक भुटानको बजारीकरण र पर्यटकीय चलायमानताका असल अभ्यासबाट नेपालका पर्यटन व्यवसायीले निकै सिक्न सकिन्छ । विशेषतः पर्यापर्यटन, वातावरणमैत्री पर्यटन र धार्मिक पर्यटन (बौद्ध धार्मिक क्षेत्र) का आकर्षक पर्यटकीय प्याकेजबाट नेपाली पर्यटन क्षेत्र र व्यवसायीका लागि निकै ग्रहण गर्ने पाटाहरू छन् । जहाँ सरकारी पर्यटन नीतिले पनि निकै सरहानीय काम गरेको छ । छिमेकी र आसपासका क्षेत्रका मुलुकले गरेका असल अभ्यासको सिको हामीले पनि गर्ने र हाम्रा मौलिक पर्यटकीय गन्तव्यको बजारीकरण र गुणस्तरीय सेवा दिने दिशामा हाम्रा क्रियाकलाप र भोगाइ एकलव्यदृष्टि हुनुपर्दछ ।

एकीकृत ग्रामीण पर्यटन विकासका कार्यक्रमलाई समन्वयात्मक ढंगबाट अघि बढाउने दिशामा ठोस पहल गरिनु सान्दर्भिक रहला । ग्रामीण पर्यटन प्रवर्द्धन तथा कृषि उत्पादन र कृषिजन्य उद्यमशीलता विकासका कार्यक्रमहरूलाई साथसाथ अघि बढाउन जरुरी छ । पछिल्लो समयमा घरवास (होम-स्टे) ग्रामीण पर्यटनको विकास र विस्तारले केही संस्थागत पाइला चालेको सन्दर्भमा ग्रामीण पर्यटन प्रवर्द्धनका लागि अझ प्रभावकारी पर्यटकमैत्री वातावरण निर्माण गर्ने दिशामा पहलकदमी आवश्यक छ । पर्या-पर्यटकीय गन्तव्यस्थलमा पर्यटकका सेवा र आतिथ्यतामा स्थानीय ग्रामीण जनताले तत्अनुकूल पर्यटकमैत्री सेवा दिने दिशामा सचेत र इमान्दारिता देखाउनुपर्छ । साथै, सेवासुविधा र पर्यटकले सन्तोषको आत्मबोध गर्ने वातावरण आधारभूत अधिकार भइसक्यो भन्ने चिन्तनलाई सोच्न र मनन गर्न अत्यावश्यक भइसकेको छ ।

पर्यटकीय गाउँहरूमा स्थानीय जनताकै घरआँगनमा आतिथ्य सत्कारलाई आकर्षक प्याकेजका साथ लिन सकिन्छ । हामीले थालनी पनि निकै पहिले गऱ्यौं । तर सन्तोषजनक परिणाम पाउन सकिएको छैन । सिकौं र अघि बढौं । घरवास पर्यटनका दृष्टिकोणले दक्षिण एसियाकै नमूना लमजुङको घलेगाउँ, स्याङजाको सिरुबारी, म्याग्दीको पुनहिललगायत अन्नपूर्ण पदमार्ग सर्किटका विभिन्न बस्तीहरू अनि सगरमाथा बेसक्याम्प तथा लाङटाङ पदयात्रा पर्यटनलगायतका क्षेत्रमा प्रवर्द्धनका आयामलाई अझ फराकिलो गर्न सकिएको खण्डमा राम्रो हुने थियो ।

नेपालको पर्यटन क्षेत्रको नवप्रवर्द्धन र पुनरुत्थानका लागि हाम्रो साझा प्रयास हुनुपर्छ । विकासको योजना र नीतिगत कार्यक्रम पर्यटकीय विशेषता र मौलिक पहिचानसहितका उत्थानशील कार्यक्रममा जोड दिनुपर्दछ । अर्थतन्त्रको सवल हिस्साको रूपमा रहेको पर्यटन क्षेत्रको दिगो सोच भएमा उत्साहजनक परिणाम पाउन कुर्नु नपर्ला ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

## पाठक मञ्च

# सर्वसाधारण ज्यान गुमाउने, स्वार्थीहरू सत्तामा पुग्ने !

२०८० मंसिर ७ गते मेडिकल व्यवसायी दुर्गा प्रसाईंले काठमाडौंको बल्खुमा आन्दोलन गरे । उनैले ०८१ चैत १५ गते तीनकुनेमा प्रदर्शन गरे । यो प्रदर्शनमा दुई जनाले ज्यान गुमाए । जेन-जी पुस्ताले गत भदौ २३ र २४ गते आन्दोलन गरे । त्यसक्रममा ७६ जनाले ज्यान गुमाए भने हजारौं घाइते, अंगभंग भए । कयौं अझै बेपत्ता छन् ।

दुर्गा प्रसाईंको आन्दोलनको मुख्य एजेण्डा थियो- राजा फर्काउने, राजतन्त्र पुनःस्थापित गराउने । जेन-जीहरूको आन्दोलनको एजेण्डा अझै स्पष्ट छैन । यद्यपि, दुवैको आन्दोलनले राष्ट्र र जनताको मुद्दा उठाएको थिएन । जेन-जीको आन्दोलनमा मुख्यगरी 'केपी चोर, देश छोड' को मात्र नारा सुनिएको थियो । देश र जनताका समस्या आन्दोलनमा सुनिएन ।

नेपालको थुप्रै भूभाग भारत र चीनको कब्जामा छ । दार्जीलिङ, सिक्किम, टनकपुर, कोलकाता, लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायत नेपाली भूभाग भारत र चीनको स्वामित्वमा गएको छ भने अन्य भूभाग पनि कब्जा गर्न हाम्रो सीमा मिच्ने क्रम जारी छ । मुलुकको वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब पुगिसक्यो ।

देशभित्रै सरकार ऋणमा छ । निर्माण व्यवसायीको ४५ अर्ब, दुध तथा उखु किसानको सात अर्ब र कोरोना बिमा गराएका अस्पतालको २४ अर्ब बक्यौता भुक्तानी बाँकी छ । प्रसाईंको होस् या जेन-जी आन्दोलनमा कसैले पनि 'हाम्रो भूभाग फिर्ता ल्याऊ सरकार', 'विदेशी ऋण मिनाहा गर' जस्ता राष्ट्रियताका नारा लगाएनन् । बरु उल्टो राज्यमाथि भार थपियो ।

प्रसाईंको आन्दोलनमा मारिएका व्यक्तिका परिवारलाई १० लाख र जेन-जी आन्दोलनमा मारिएकाको परिवारलाई १५-१५ लाख रूपैयाँ दिनुपरेको छ । यतिमात्र होइन, जेन-जी आन्दोलनमा मारिएकालाई सहिद घोषणा गरिएको छ । यसले सहिद परिवारलाई महिनैपिच्छे सरकारले रकम उपलब्ध गराउनुपर्छ । त्यस्तै, आन्दोलनका क्रममा घाइते भएका हजारौंको सरकारले निःशुल्क उपचार गऱ्यो ।

यसमा पनि राज्यको ढुकुटीको अर्बौं सकिएको छ । अर्को मुख्य कुरा, जेन-जी आन्दोलनमा मानवीयसँगै ठूलो भौतिक क्षति भएको छ । खर्बौंको सार्वजनिक तथा निजी सम्पत्ति खरानी बनेको छ । नेपाल ५० वर्षपछिको अवस्थामा फर्किएको छ । आन्दोलनको उपलब्धि हो वा हटेर आमा आएकी छन् । तत्कालीन प्रधानमन्त्री ओलीले सत्ता छोडे त पूर्वन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनिन् ।

सुशीला युवती होइनन् । ओलीभन्दा जेठी हुन् अथवा ७३ वर्षकी ज्येष्ठ नागरिक हुन् । अनि ७३ वर्षीया सुशीलालाई प्रधानमन्त्री बनाउन यत्रा युवाहरूले ज्यान गुमाउनुपर्थ्यो त ? उसै त उनी पूर्वकर्मचारी हुन् । अहिले पनि उनी पूर्वप्रधानन्यायाधीशको हैसियतमा पेन्सन बुझ्छिन् । उनी प्रधानमन्त्री भएको एक महिना बितिसक्यो ।

यस अवधिमा केही पनि भएको छैन । न सुशासन कायम हुन सकेको छ, न उनको सरकारले शान्ति सुरक्षाको अनुभूति जनतालाई दिलाउन सकेको छ । देश र जनताको हितमा केही नगरे पनि उनको हातमा त दुईतिरबाट लड्डु आइरहेको छ । एकातिर पेन्सन आउँछ, अर्कोतिर प्रधानमन्त्रीको तलब, सेवासुविधा, ओहोदा । अनि राज्यकै खाएर राज्यमाथि नै घात गर्ने कर्मचारीलाई नेतृत्वमा पुऱ्याउन जनताका छोराछोरी मरेका हुन् ?

सुशीला प्रधानमन्त्री बनेपछि प्रतिनिधिसभा विघटन गरिन् । र, फागुन २१ गते चुनाव मिति घोषणा गरिन् । जबकि संसद्को अवधि अझै २७ महिना बाँकी थियो । ०७९ मंसिर ४ गते प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचन गराउँदा २६ अर्ब रूपैयाँ खर्च भएको थियो । जनताले पनि घण्टौं हिँडी मतदान केन्द्रमा दिनभर लाइनमा बसेर मतदान गरेका थिए ।

अब फेरि फागुनमा चुनाव गराउँदा अर्बौं खर्च हुन्छ । जनताले पनि फेरि दुःख पाउने छन् । यो चुनावमार्फत पनि पुरानै राजनीतिक दलहरू फर्किने देखिन्छ । किनकि, कांग्रेस, एमाले, माओवादीको जिल्ला-जिल्ला, नगर र वडासम्म बलियो संगठन छ । त्यहाँ लाखौं लाख कार्यकर्ता छन् । चुनावमा भोट हाल्ने भनेकै कार्यकर्ताले हुन् । तर, जेन-जीहरूको न संगठन छ न कार्यकर्ता ।

त्यसकारण आउँदो चुनावले पुराना दललाई नै पुनःस्थापित गराउने देखिन्छ । यसअघि श्रीलंका र बंगलादेशमा पनि नेपालजस्तै आन्दोलन भएको थियो । श्रीलंकाका तत्कालीन राष्ट्रपति र बंगलादेशकी प्रधानमन्त्री देशै छोडेर भागे । नेपालमा भने कुनै पनि राजनीतिक दलका नेता तथा सरकारका तत्कालीन प्रतिनिधिहरू देश छोडेर भागेनन् । यसले पनि थाहा हुन्छ कि उनीहरूलाई अझै पनि पुनःस्थापित हुने विश्वास छ ।

जेन-जी आन्दोलनको नाममा सार्वजनिक तथा निजी सम्पत्तिमा तोडफोड, आगजनी र लुटपाट गर्नेलाई वर्तमान सरकारले समातेको छैन । प्रहरीले पक्रेकोलाई समेत गृहमन्त्री ओमप्रकाश अर्यालको निर्देशनमा छोडियो । अहिले जनता भन्छन्, 'अब हामी सरकारलाई कर तिर्दैनौं ।' आफूहरूको करबाट बनेको सार्वजनिक सम्पत्तिमा क्षति पुग्नेलाई कारबाही नभएपछि उनीहरू निराशसँगै आक्रोसित भएका छन् ।

कसैले सानो गल्ती गरे पनि कारबाही हुने, कसैलाईचाहिँ खर्बौंको सार्वजनिक सम्पत्ति खरानी बनाउँदा पनि कानुनले नछुने ? वर्तमान सरकारले अझै पनि राष्ट्रिय सम्पत्ति र सम्पदा ध्वस्त पार्नेलाई कारबाही नगर्ने हो भने अर्को विद्रोह हुनसक्छ । त्यसतर्फ सरकार सचेत रहोस् ।

जेन-जीहरूको वर्तमान माग देखिन्छ, प्रत्यक्ष निर्वाचित कार्यकारी, संघीयता र संविधान खारेज । यसका लागि फागुनपछि स्थापित हुने प्रतिनिधिसभासँगै राष्ट्रिय सभाका दुईतिहाइ सांसदको साथ चाहिन्छ । तर, फागुनको चुनावमार्फत सदनमा जेन-जीको दुईतिहाइ उपस्थिति सम्भव देखिँदैन । अनि कसरी प्रत्यक्ष निर्वाचित कार्यकारी, संघीयता र संविधान खारेज हुन्छ ? आन्दोलन देश र जनताको हितमा हो कि व्यक्तिगत स्वार्थका निम्ति गरिएको हो ? भन्ने कुरा जनताले नबुझ्दा ज्यान त गुमाउनुपऱ्यो नै सँगै देशलाई ठूलो क्षति हुन पुगेको छ ।

- **रुषा थापा**, भक्तपुर



**माटाको भाँडा खरिद बिक्री** | तिहार पर्व नजिकिँएसँगै जनकपुरधामस्थित बजारमा माटोको भाँडा  खरिद बिक्री हुँदै । *तस्बिर: रासस*

# तिहारका लागि मादल बनाउन भ्याइनभ्याइ

**दोधारा चाँदनी (कञ्चनपुर)–** तिहार नजिकिँएसँगै कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-३ का रेशम वादीको मादल बनाउने काममा व्यस्तता बढेको छ । अन्य समयमा घरेलु जुत्ता उद्योग सञ्चालन गरेर जीविकोपार्जन गर्ने उनले दसैं, तिहारको समयमा मादल बनाउने गर्छन् ।

नेपाली सांस्कृतिक चाडपर्वमा विशेष स्थान ओगटेको मादल देउसीभैलो, नाचगान र सांस्कृतिक कार्यक्रमको प्रमुख बाजा भएकाले तिहार नजिकिँदै गर्दा मादलको माग बढेको वादीले बताए । 'दसैं र तिहारको समयमा मादल बनाउने माग बढी आउने गरेको छ, विशेषगरी तिहारको समयमा मादलको बिक्री हुन्छ,' उनले भने, 'तिहारका मागअनुसार मादल पुऱ्याउन पनि सकिँदैन ।' तिहारमा मादल बिक्रीबाट ४० हजार रूपैयाँसम्म आम्दानी हुने गरेको उनले उल्लेख गरे ।

केही वर्षअघिसम्म तीजमा पनि मादलको माग बढी आउने गरेको



भए पनि पछिल्लो समय आधुनिक प्रविधिको बढ्दो प्रयोगले तीजमा मादल बिक्री हुन छोडेको वादीले बताए । 'दुई-तीन वर्षअघिसम्म तीजमा मादलको माग उच्च थियो, अहिले तिहारमामात्रै खोजी हुन्छ,' उनले भने, 'मादल बनाएको सानो र ठूलोको दुई हजारदेखि १२ हजारसम्म बिक्री हुन्छ ।'

### कच्चापदार्थ नपाउँदा समस्या

वाद्यवादनका सामग्री बनाउनु वादी समुदायको पुर्ख्यौली पेसा हो । पछिल्लो समय वाद्यवादनका सामग्री बनाउन कच्चापदार्थ पाउन कठिन भएपछि पेसा नै संकटमा पर्न थालेको दोधारा चाँदनी-३ का वादीले जानकारी दिए । 'बाजेबुबाले वाद्यवादनका सामग्री बनाएर जीविकोपार्जन गरे, अहिले कच्चापदार्थ रूपमा आवश्यक पर्ने छाला र काठ (खमारी) नपाउँदा समस्या हुन्छ,' उनले भने ।

मादलमा बाखाको छालाको प्रयोग हुने बताउँदै भारतीय छिमेकी सहरमा छाला पाइने भए पनि नाकामा सुरक्षाकर्मीले ल्याउन रोक लगाउने गरेकाले समस्या हुने वादीको अनुभव छ । छाला र खमारी सहजरूपमा नपाइने भएकाले पछिल्लो समय नयाँ मादल बनाउनेभन्दा पनि मादल मर्मतका लागि आउने सेवाग्राही बढी हुने गरेका उनले बताए ।

उनका अनुसार भारतीय बजारमा एउटा छालाको एक हजार रूपैयाँसम्ममा खरिद गर्न पाइन्छ । 'यहाँ छालाका लागि हामीले बाखा किन्नुपर्छ त्यो अत्यन्त महँगो हुन्छ, छाला मात्रै पाउँदैन,' उनले भने, 'भारतीय सहरमा पाइन्छ सीमानाकामा ल्याउन पाइँदैन ।' वादी समुदायको मुख्य पेसा मादल, ढोलक र दामाहा बनाएर बिक्रीवितरण गर्नु हो । विभिन्न पर्वमा नाचगान गरेर जीविकोपार्जन गर्ने यो समुदायले बढ्दो आधुनिकतासँगै पुर्ख्यौली पेसा संकटमा पर्दै गएको बताउँछन् । *रासस*

# दीपावलीअघि कुम्हाल समुदायको व्यस्तता बढ्दै

**महोत्तरी–** चन्द्रमासले कात्तिक कृष्णपक्ष लागेसँगै मधेसका प्राचीन मिथिला क्षेत्रसहित महोत्तरीमा कुम्हाल समुदायको व्यस्तता बढेको छ । यसपक्षको अन्त्यमा पर्ने दिवाली (लक्ष्मीपूजा, दीपावली, तिहार, यमपञ्चक) र त्यसलगत्तै सुरु हुने छठ पर्वमा माटाका भाँडाको माग बढ्ने भएकाले कुम्हाल समुदायमा माटाका भाँडा बनेउने व्यस्तता बढेको हो ।

दिवाली र छठ पर्वमा कलश राखिने भाँडा, दियो, घडा (गाग्रो) र छचाँची (दही जमाउने भाँडा) र ढकनासहित नयाँ माटाका भाँडा प्रयोग गरिने मैथिल परम्पराअनुसार अहिले भाँडा बनाउने काममा कुम्हाल समुदायको व्यस्तता बढेको स्थानीय बताउँछन् ।

वर्षभरि अन्यबेला खासै प्रयोगमा आउन छाडेका माटाका भाँडा पर्व विशेषमा मिथिला परम्परामा अनिवार्यजस्तै मानिन्छन् । पर्व विशेषमा बत्ती बालिने दियो, कलश राखिने अम्खोरा वा करुवा, पर्वका दही जमाइने छचाँची, पर्वमा चढाइने सामग्री राखिने तौला र गाग्रीसहित माटाका नयाँ भाँडा प्रयोग गर्ने स्थापित परम्परा छ । यस परम्पराले प्राचीन मिथिला क्षेत्रका सबैजसो हटिया (बजार)मा अहिले माटाका भाँडाको बजार जम्दै छ ।

सामान्यतया दीपावली कात्तिकमा परे पनि यसपाली सौरमासको असोज चौथो साता प्रारम्भसँगै चन्द्रमासको कात्तिक कृष्णपक्ष सुरु हुन्छ । सोही कारण सौरमासको असोज छँदै दीपावलीको तयारी अघि बढेको छ । आगामी आइतबार नै दीपावलीको यमपञ्चक सुरु हुने भएकाले यसपालि असोजमै तयारी अघि बढेको स्थानीय रामसागर पण्डित कुम्हालले बताए ।

यमपञ्चक भनिने दीपावली पर्व आगामी कात्तिक २ गते आइतबार सुरु भएर कात्तिक ६ गते बिहीबार सकिन्छ । महोत्तरीका बस्तीबस्तीका हटियामा अहिले दिनहुँजसो माटोका भाँडाको बजार लाग्ने गरेको छ ।

अन्यबेला साप्ताहिक हाट लाग्ने दिनमात्र यी भाँडाका बजार लागे पनि अहिले कात्तिक कृष्णपक्ष सुरु भएसँगै दिनदिनै बजार, गाउँ सबैतिर व्यापार जम्दै गएको जलेश्वर उद्योग वाणिज्य संघका अध्यक्ष शिवचन्द्र चौधरीले बताए । मिथिला क्षेत्रमा माटाका नयाँ भाँडा शुभकार्य गर्न उत्तम हुने धार्मिक, सांस्कृतिक र सामाजिक मान्यताले चाडपर्वमा यसको माग बढ्ने गरेको उनको भनाइ छ ।

दिवाली र छठ पर्वमा पूजाआराधनामा प्रयोग गरिने सामग्री माटाकै भाँडामा राखनधरन गरिने परम्पराले नयाँ भाँडाको कारोबारमा वृद्धि भएको कुम्हाल समुदायका व्यापारी बताउँछन् । भाँडा बिक्री भएसँगै आफूहरूको दिवाली र छठका लागि खर्च जोहो हुने गरेको कुम्हालको भनाइ छ ।

पर्वको समय पारेर महोत्तरीका जलेश्वर, मटिहानी, मनरा, बर्दिवास, औरही, सीतापुर, रामगोपालपुर, गौशाला, सम्सी र लोहारपट्टीसहितका मुख्य बजार केन्द्रमा माटाका भाँडाका स्थायी स्टल राखिएका छन् । महोत्तरीबाहेक मधेस प्रदेशका अन्य जिल्लाका बजारमा पनि माटाका भाँडाको बजार लाग्न थालेको छ ।

मिथिला क्षेत्रमा दुई दशक पहिलेसम्म माटाका भाँडा दैनिक प्रचलनमा रहे पनि त्यसयता प्लास्टिकका भाँडाको प्रयोग बढेपछि आफूहरूको व्यवसाय चाडपर्व विशेषमा खुम्चिएको कुम्हाल बताउँछन् । अहिलेको कमाइले सालभरिको नगद खर्चको जोहो गर्नुपर्ने हुँदा काम भ्याइनभ्याइ भएको रामसागरले बताए ।

दिवाली र छठका अवसरमा महोत्तरीका बजारमा ३० लाखभन्दा बढीको माटाका भाँडाको कारोबार हुने जलेश्वर उद्योग वाणिज्य संघले जनाएको छ । कात्तिक कृष्णपक्षसँगै जमेको माटाका भाँडाको बजार छठसम्मै रहने र यस्ता सामानमा केही मूल्यवृद्धिसमेत भएको हुँदा यी पर्वभित्र जिल्लाभरिमा ३० लाखभन्दा बढीको कारोबार हुने अनुमान गरिएको संघका अध्यक्ष चौधरीले जानकारी दिए । *रासस*

# मतदाता बन्न उत्साहित युवा

**मोरङ–** आगामी फागुन २१ गते हुने संसदीय निर्वाचनका लागि युवा पुस्ता मतदाता नामावलीमा नाम दर्ता गर्न उत्साहित देखिएका छन् ।

गत भदौ २३ र २४ गतेको जेन-जी प्रदर्शनबाट प्रेरित भएका नयाँ मतदाताहरू आफ्नो मताधिकार सुनिश्चित गर्न उत्साहित देखिएका हुन् । सरकारले अध्यादेशमार्फत मतदाता नामावलीमा नामदर्ता गराउन समय थप गरेपछि प्रदेश निर्वाचन कार्यालय विराटनगरमा युवाको उपस्थिति उल्लेख्य देखिएको छ ।

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति तोकिएको छ । निर्वाचन आयोगले प्रारम्भिक निर्वाचन तालिकासमेत सार्वजनिक गरिसकेको छ । प्रदेश निर्वाचन कार्यालय विराटनगरमा भेटिएका अधिकांश युवाले पुराना राजनीतिक दल र नेताहरूको कार्यशैलीप्रति वितृष्णा जागेको र अब नयाँ तथा सक्षम व्यक्तिलाई मतदान गर्न नाम दर्ता गराउन आएको बताएका छन् । विराटनगर-१ का आयुष आचार्य युवाले खोजेको योग्य उम्मेदवारलाई मतदान गर्न मतदाता परिचयपत्र बनाउन आएको बताए ।

युवाको मतले चुनिएको व्यक्तिले गर्व गर्नलायक काम गर्न सकून् भन्ने अपेक्षा रहेको विराटनगर-११ की जोत्सिना सापकोटाको भनाइ छ । सोमबारसम्म प्रदेश निर्वाचन कार्यालय विराटनगरमा एक हजार ५३० नयाँ मतदाताले नाम दर्ता गराएका छन् । गत असोज १० गतेदेखि कार्यालय खुलेका दिन दैनिक बिहान ८ देखि साँझ ५ सम्म नाम दर्ता गराउन आउनेको भीड लाग्ने गरेको छ । जसमा अधिकांश २५ वर्षभन्दा कम उमेर समूहका रहेको प्रदेश निर्वाचन कार्यालय, विराटनगरका प्रदेश निर्वाचन अधिकारी युवराज गुरागाईंले जानकारी दिए । *रासस*

# मेची राजमार्गको वैकल्पिक मार्ग अझै सञ्चालनमा आएन

**इलाम (प्रस)–** मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली सडक अवरुद्ध भएपछि विकल्पमा तिल्केनी-सिमलगोलाइ सडक सञ्चालन गर्ने तयारी गरिए पनि सञ्चालन हुनसकेको छैन । १० दिनमा पनि वैकल्पिक सडक सञ्चालन गर्न नसक्दा यात्रु र यातायात व्यवसायीलाई सास्ती भएको छ ।

सो सडकखण्डअन्तर्गत माइजोगमाई गाउँपालिका-४ नामसालिङ र इलाम नगरपालिका-१० गोदक जोड्ने जोगमाई खोलामा अस्थायी डाइभर्सन निर्माण गरी साना सवारी सञ्चालनको प्रयास भइरहेको छ । तर खोलामा पानीको बहाव उच्च रहनुका साथै आवश्यक ह्युमपाइप अभाव भएकाले तत्काल सञ्चालन गर्न नसिकएको सडक डिभिजन इलामका प्रमुख पवन भट्टराईले बताए ।

'हाम्रो धेरै समय राजदुवाली



क्षेत्रमा बित्यो । त्यो पार नलागेपछि अहिले जोगमाई खोलामा डाइभर्सन निर्माणको काम भइरहेको छ,' उनले भने, 'तर पर्याप्त ह्युमपाइप नहुँदा केही दिन ढिला हुने सम्भावना छ ।' उनका अनुसार पाँचथरबाट ह्युमपाइप मगाइएको र मंगलबारसम्म आइपुग्ने व्यवस्था गरिएको छ । डाइभर्सन निर्माणका लागि हाल चारवटा स्काभेटर परिचालन गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय इलामले आइतबार सरोकारालासँगको स्थलगत निरीक्षणपछि मेची राजमार्गको विकल्पका रूपमा तिल्केनी-सिमलगोलाइ सडक सञ्चालन गर्ने निर्णय गरेको थियो । 'सकेसम्म चाँडो सडक खुलाउने पहल भइरहेको छ,' प्रजिअ नेपालले भने, 'प्राविधिकपक्ष सडक डिभिजनले सम्हालिरहेको छ, हामी समन्वयमा छौं ।'

गत असोज १८ गतेको बाढीले यहाँको बेलीब्रिज बगाएपछि यो सडक पनि अवरुद्ध भएको हो । गत असारमा निर्माण सम्पन्न गरिएको बेलीब्रिज बाढीले बगाएपछि यहाँको आवागमन अवरुद्ध बनेको हो । इलाम सदरमुकामको तिल्केनीबाट मेची राजमार्गको गोदक जोड्ने यो वैकल्पिक सडक सञ्चालनका लागि प्रमुख विकल्प मानिएको छ ।

आइतबारदेखि तिल्केनी-बज्रदेवी-नामसालिङ- नयाँबजार-फिक्कल सडकमार्फत साना सवारीसाधन सञ्चालनमा रहेका छन् । ठूला तथा मालवाहक सवारीका लागि भने उपयुक्त वैकल्पिक मार्ग पहिचान गर्न नसकिएको नेपालले बताए । तीव्र मोड र साँघुरोपनाका कारण ठूला सवारी सञ्चालन गर्न कठिनाइ भएको उनको भनाइ छ ।

वर्षासँगै आएको पहिरो झरेपछि विगत १० दिनदेखि इलाम जिल्ला छिमेकी झापासँग सडक सञ्जालबाट विच्छेद छ । इलाम-राजदुवाली सडकखण्ड अवरुद्ध भएपछि झापा, इलाम, पाँचथर र ताप्लेजुङका यात्रु र सवारी आवतजावतमा समस्या देखिएको छ । जटिल भूसंरचनाका कारण सो सडक तत्कालन खुलाउन नसकिने भएको सडक डिभिजन प्रमुख भट्टराईले बताए ।

# गर्भवतीलाई क्याल्सियम र आइरन चक्की अभाव

**गोरखा (प्रस)–** पालुङटार नगरपालिकाका गर्भवतीलाई विगत दुई महिनादेखि क्याल्सियम र आइरन चक्कीको अभाव छ । नगरपालिकाले समयमै खरिद नगर्दा पालिकाभरका गर्भवतीले नियमितरूपमा सेवन गर्नुपर्ने क्याल्सियम र आइरन चक्की खान नपाएका स्वास्थ्यचौकीका इञ्चार्जहरूले बताएका छन् ।

विगत दुई महिनादेखि गर्भवतीलाई क्याल्सियम र आइरन चक्की दिन नपाएको नगरपालिकाको केन्द्र ठाँटीपोखरी बजारमा अवस्थित वडा नं ५ को स्वास्थ्यचौकीले जानकारी दिएको छ । 'केही महिनादेखि नै आइरन चक्की र क्याल्सियमको अभाव भइरहेको छ । दुई महिनायता ठप्पै छ,' ठाँटीपोखरी स्वास्थ्यचौकीकी स्वास्थ्यकर्मी रमा थापामगर भन्छिन्, 'क्याल्सियम र आइरन चक्की लिन आउनेलाई बजारका औषधि पसलमा किनेर खान सुझाव दिने गरेका छौं ।'

दशवटा वडा रहेको पालुङटार नगरपालिकाको सबै स्वास्थ्य संस्थामा क्याल्सियम र आइरन चक्की छैन । 'विगत डेढ महिनादेखि आइरन चक्की र क्याल्सियम छैन,' वडा नं १० को स्वास्थ्यचौकी प्रमुख अनिशा जोशी भन्छिन्, 'हामीले पनि आफैं किनेर खानुस् भनेर फर्काउने गरेका छौं । अब औषधि कहिले आउँछ थाहा छैन । सित्तैमा पाइने औषधि पैसा हालेर किन्नुपर्ने भन्दै गर्भवतीहरू गुनासो गर्छन् ।'

कतिपय महिलाले भने स्वास्थ्यचौकीले नै किनेर उपलब्ध गराउन दबाब दिने गरेको उनको भनाइ छ । 'कतिपय औषधि पसलमा पनि धेरै आइरन चक्की किन्न नदिने रहेछन् । अनि महिला रिसाएर हामीलाई नै किनेर व्यवस्था गरिदिन भन्छन्,' उनले भनिन् । मिरकोट स्वास्थ्यचौकीबाट करिब २५ गर्भवतीले नियमितरूपमा आइरन चक्की र क्याल्सियम खाँदै आएका जोशीले बताइन् ।

पालिकाको वडा नं ९ स्थित सेरा स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मी गंगादत्त सेढाईंले पनि आफ्नो स्वास्थ्यचौकीमा आइरन चक्की र क्याल्सियम अभाव रहेको गुनासो गरेका छन् । 'दुई महिनादेखि आइरन चक्की र क्याल्सियम अभाव छ,' उनले भने ।

प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख यामप्रसाद शर्माले आइरन चक्की र क्याल्सियम जस्ता औषधि खरिद गर्ने जिम्मेवारी स्थानीय तहकै रहेको बताए । 'सरकारले नागरिकलाई निःशुल्क प्रदान गर्ने ९८ प्रकारका औषधिमध्ये कतिपय संघबाट, कतिपय प्रदेश र कतिपय स्थानीय तह आफैंले किन्नुपर्ने प्रावधान छ । जसमध्ये आइरन चक्की र क्याल्सियम संघीय बजेटबाट स्थानीय तह आफैंले किन्नुपर्ने हुन्छ ।'

उनले भने, 'तर विगतमा आइरन चक्की र क्याल्सियम संघबाटै आइरहेको अवस्था थियो । तीन/चार महिनाअघिमात्र संघले यी औषधि पठाउन नसक्ने र स्थानीय तह आफैंले व्यवस्थापन गर्नुपर्ने भनेर सूचना जारी गरेको छ ।' त्यसपछि पालिकाहरू आफैंले ती औषधि व्यवस्थापन गर्नुपर्ने हुन्छ । प्रदेश जनस्वास्थ्य कार्यालयले प्रदेश आपूर्ति केन्द्रबाट आएको औषधि पालिकापालिकामा पठाउने काममात्र हेर्ने शर्मा बताउँछन् ।


**Bagmati Province Government**
**Ministry of Health**
**Health Directorate**
**Trishuli Hospital**
**Trishuli, Nuwakot**

**Invitation for Bids**

**Publication: 2082/06/28**

Trishuli Hospital invites electronic bids from eligible bidders for the below-mentioned activities in Trishuli Hospital under National Competitive Bidding procedure & Sealed Quotation. Eligible Bidders may obtain further information at the office of Trishuli Hospital or may visit PPMO website: www.bolpatra.gov.np/egp

| S. No. | Notice No. | Tender Description | Bid Document Fee | Bid Security | Last date of Bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|
| 1 | TH/NCB/GOODS/082/83-01 | The Procurement of Supply & Delivery of Lab Accessories and Consumables for Trishuli Hospital | Rs.3,000.00 | 475,000.00 | 2082/07/27 12:00 hours | 2082/07/27 13:00 hours |
| 2 | TH/NCB/GOODS/082/83-02 | The Procurement of Supply & Delivery of Hemodialysis Materials for Trishuli Hospital | Rs.3,000.00 | 169,500.00 | 2082/07/27 12:00 hours | 2082/07/27 13:00 hours |
| 3 | TH/NCB/GOODS/082/83-03 | The Procurement of Supply & Delivery of Computer & Communication Materials for Trishuli Hospital | Rs.3,000.00 | 63,000.00 | 2082/07/27 12:00 hours | 2082/07/27 13:00 hours |
| 4 | TH/NCB/GOODS/082/83-04 | The Procurement of Supply & Delivery of Sanitary Items for Trishuli Hospital | Rs.3,000.00 | 58,500.00 | 2082/07/27 12:00 hours | 2082/07/27 13:00 hours |
| 5 | TH/SQ/GOODS/082/83-01 | The Procurement of Supply & Delivery of Stationary Items for Trishuli Hospital | Rs.1,000.00 | 49,000.00 | 2082/07/12 12:00 hours | 2082/07/12 13:00 hours |
| 6 | TH/SQ/GOODS/082/83-02 | The Procurement of Supply & Delivery of Printed Items for Trishuli Hospital | Rs.1,000.00 | 37,500.00 | 2082/07/12 12:00 hours | 2082/07/12 13:00 hours |

**Trishuli Hospital, Trishuli**

# प्रभाव दैनिक

बुधबार, २९ असोज २०८२ (Wednesday, 15 October 2025)


## रूपशाला

### 'न्यौली बनैमा'लाई पाँच मिलियन भ्यूज

आगामी कात्तिक ६ गते भाइटीकाको अवसर पारेर रिलिज हुन लागेको चलचित्र 'वरिष्ठ बलराम' यतिबेला चर्चाको शिखरमा छ। चलचित्रको सार्वजनिक गीत 'न्यौली बनैमा' र ट्रेलरले दर्शकहरूको मन जित्न सफल भएका छन्। 'वरिष्ठ बलराम' को गीत 'न्यौली बनैमा' ले सामाजिक सञ्जाल र विशेषगरी टिकटकमा व्यापक लोकप्रियता बटुलिरहेको छ। सार्वजनिक भएको दुई हप्तामै यस गीतले युट्युबमा ५२ लाख ९६ हजारभन्दा बढी भ्युज प्राप्त गरिसकेको छ, जसले यसको लोकप्रियता स्पष्ट पार्छ। प्रशान्त शिवाकोटीको शब्दरचना र संगीत रहेको यस गीतमा प्रशान्त र शान्तीश्री परियारको सुमधुर स्वर रहेको छ।




# 'मिस एण्ड मिसेस नेपाल इन्टरनेसनल वर्ल्ड' अधिका र चन्दू



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस एन्ड मिसेस नेपाल इन्टरनेसनल वर्ल्ड २०२५'मा 'मिस' तर्फ अधिका कुमारी थापा मगर र 'मिसेस' तर्फ चन्दु बलामी विजेता बनेका छन्। दुवै विजेताले शीर्ष ताजसहित नगद र विभिन्न उपहार समेत प्राप्त गरे।

सामरी इन्टरनेसनलले एमकेएम फेसन हाउससँगको सहकार्यमा राजधानीमा आयोजना गरेको सौन्दर्य प्रतियोगिता 'मिस' तर्फ प्रेक्षा श्रेष्ठ 'फस्ट रनरअप' हुँदा 'मिसेस'तर्फ सरु कार्की 'फस्ट रनरअप' र डा. मिना प्रधान 'सेकेण्ड रनरअप' भए।

यस्तै विधागततर्फ रञ्जु कार्की 'पब्लिक च्वाइस', युनिसा राई 'भ्युअर्स च्वाइस', सानु थापा 'मेनेजमेन्ट च्वाइस' घोषित भए।

प्रतियोगितामा सेफ गोविन्द नरसिंह केसी, समाजसेवी तथा व्यवसायी सोनिया चाम्लिङ राई, गायक तथा ¬यापर निर्णय श्रेष्ठ(एनएसके), ¬यापर तथा राजनीतिज्ञ सिड वाग्ले र समाजसेवी दिलसागर वाग्ले निर्णायक थिए।

विजेता तथा उपविजेतालाई पूर्व सांसद छिरिङ ल्हामु लामा(तामाङ), एनआरएनएका पुर्व अध्यक्ष विनोद कुँवर, सेफ एसोसिएसनका अध्यक्ष रेशमकुमार लामा तामाङले पुरस्कार प्रदान गरेका थिए।

सामरी इन्टरनेसनलका अध्यक्ष भरत सामरीले महिलाको सुन्दरता, प्रतिभालाई उजागर गर्दै महिला सशक्तीकरणको उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए।

# निर्मलराजले ल्याए 'झिलिमिली तिहारलाई' गीत

■ प्रभाव संवाददाता

**काठमाडौं –** तिहारलाई लक्षित गरेर गीतकार निर्मलराज पौडेलको 'झिलिमिली तिहारलाई' नामक गीत सार्वजनिक भएको छ। पौडेलसहित गायिका समान्ता थापा, नीरज तिमल्सिना र मनिष पौडेलले गाएको गीत सोमबार सार्वजनिक भएको हो।

वेलकम एभी प्रोडक्सनले तयार पारेको म्युजिक भिडियोलाई मनिष पौडेलले निर्देशन गरेका छन्। मोहित मुनालले संगीत दिएका छन्।




गीतकार तथा गायक पौडेलले दश-पन्ध्र वर्ष अगाडिसम्म पनि तिहारको रौनक, खुसीयालीको माहौल देखिने तर आजभोलि सबै हराउँदै गएको महसुस भएपछि गीत लेखेको बताए।

गीतमा यमपञ्चकको पाँचै दिन गरिने कर्महरू कागपुजा, कुकुर पूजा, लक्ष्मी पूजा, गाई गोरु पूजा र भाइ पूजालाई समेत समेटिएको छ।

गीतमा नेपालीहरूले तिहार मनाउने शैली, परम्परा लगायतका रमाइलो सँगसँगै आर्थिक, सामाजिक र पारिवारिक विषयलाई समेटिएको छ।

# तक्मे निर्देशित 'मैझारो'को ट्रेलरमा धिरज पाउन मिरुनाको संघर्ष

■ प्रभाव संवाददाता

**काठमाडौं–** विल्सन बिक्रम राई (तक्मेबुढा) को लेखन तथा निर्देशनमा निर्माण भएको फिल्म 'मैझारो'को ट्रेलर रिलिज भएको छ। निर्माण टिमले फिल्मको मंगलबार फिल्मको ट्रेलर रिलिज गरेको हो।

तीन मिनेट ४९ सेकेण्डको ट्रेलरमा आफ्नो प्रेमको लागि गरेको संघर्ष र त्यसपछि उत्पन्न समस्यालाई प्रस्तुत गरिएको छ। ट्रेलरमा फिल्मका मुख्य कलाकार धिरज मगर,मिरुना मगर,दिया पुनदेखि दयाहाङ राईसम्म देखिएका छन्। जसमा निर्देशक विल्सन आफैले अभिनयमा देखिन्छन्।

ट्रेलर रिलिज अघि निर्माण टिमले दुई वटा गीत रिलिज गरिसकेको छ। एउटा लभ सङ रहेको थियो भने अर्को पुर्वतिर खुबै नाचिने नाच साकेला थियो। यतिबेला यसले निकै हाइप लिइरहेको छ। निर्देशक राईकै कथा रहेको यो फिल्ममा पुर्वको इलाम पाँचथर आसपासमा खिचिएको हो। तक्मे प्रोडक्सनको



व्यानरमा निर्माण भएको यो फिल्ममा धिरज,मिरुनाका साथमा दिया पुन,बुद्धि तामाङ, सुनिल थापा, पुस्कर गुरुङ, अभयराज बराल, माउत्से गुरुङ, कविता आले, रजनी गुरुङ, प्रेम सुब्बा, उदय सुब्बा, अनिल सुब्बा, भूपेन्द्र लिङदेन र विशाल लिम्बु लगायतका कलाकारको अभिनय रहेको छर यो फिल्मका गीतमा अनमोल गुरुङ र तोरेम्पाहाङ राईले संगीत भरेका छन्। गायनमा राजेशपायल राई, झुमा लिम्बू ,मेलिना राई, अस्मिता अधिकारी लगायतको रहेको छ।

सौरभ लामाले छायांकन गरेको यास फिल्मको वितरणको जिम्मा आरआर फिल्मस्ले लिएको छ। डिजिटल अधिकार भने ओएसआरले लिएको छ। यो फिल्म तिहारको भाइटीका अर्थात कातिक ७ गतेबाट अल नेपाल रिलिज हुँदैछ।

# 'कबड्डी ५'को छायांकन सुरु

**काठमाडौं (प्रस)–** फिल्म 'कबड्डी ५'को छायांकन सुरु भएको छ। निर्माण युनिटले सोमबारबाट मुस्ताङको लार्जुङ बस्तीबाट फिल्मको छायांकन सुरु गरेको हो। मुस्ताङ जिल्लाको प्रसिद्ध धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा स्क्रिप्ट र क्यामेरा पूजा गर्दै फिल्मको छायांकन सुरु गरिएको छ।

फिल्म 'कबड्डी'को अब पाँचौं शृंखलाको रूपमा निर्माण हुन लागेको हो। 'कबड्डी ४'बन्ने बेलामा निर्माण युनिटले 'कबड्डी'को यो नै अन्तिम सिक्वेल भनेर प्रचार गरेपनि अहिले फेरि अर्को सिक्वेल बन्न लागेको हो। फिल्ममा 'कबड्डी' शृंखलाकै धेरैजसो कलाकार दोहोरिएका छन् भने नयाँ अनुहारको पनि प्रवेश भएको छ। चौथौं शृंखलामा जोडी भएर काम गरेका दयाहाङ राई र मिरुना मगरसहित विजय बराल, बुद्धि तामाङ, कमलमणि नेपाल, अरुणा कार्की, शिशिर वाङ्देल लगायतको अभिनय रहने यो फिल्मबाट पूर्वमिस यूके नेपाल सिर्जना गुरुङले डेब्यु गर्दैछिन्। फिल्ममा दर्शकले अभिनेत्री रिश्मा गुरुङ (मैयाँ)लाई पनि देख्न पाउनेछन्। 'कबड्डी'को पहिलो र दोस्रो शृफ्लामा उनी मुख्य भूमिकामा थिइन्। तेस्रोमा केमियोमा सीमित भएकी उनी चौथो शृंखलामा भने अटेकी थिइनन्। 'कबड्डी ५'मा अभिनेता विपिन कार्कीको पनि मुख्य भूमिका रहनेछन्।

## रंगशाला

**आइसिसी टी-२० विश्वकप एसिया एन्ड इस्ट एसिया प्यासिफक छनोट**

# नेपाल र सामोआ आज भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वकप २०२६ प्रवेशका लागि नेपाल आज (बुधबार) सामोआसँग भिड्दैछ। ओमानमा जारी आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोटको सुपर सिक्सअन्तर्गत लगातार तेस्रो जितसहित विश्वकप प्रवेशका लागि नेपालले सामोआसँग खेल्दैछ।

समूह २ को विजेताको रूपमा सुपर सिक्समा प्रवेश गरेको नेपालले यसअघि बलिया दुई प्रतिस्पर्धीलाई पराजित गर्दै विश्वकप २०२६ का 'लगभग' प्रवेश गरिसकेको छ। नेपालले सुपरसिक्सअन्तर्गतको पहिलो खेलमा युएईलाई १ रनले र कतारलाई ५ रनले पराजित गरेको थियो। अहिलेसम्म सम्पन्न खेलको तालिकाअनुसार नेपाल ६ अंकसहित अंकतालिकाको दोस्रो स्थानमा रहेको छ। अंक तालिकाको पहिलो स्थानमा समान अंकसहित ओमान पहिलो स्थानमा छ भने युएई र जापान क्रमशः २/२ अंकसहित तेस्रो र चौथो स्थानमा रहेका छन्।

नेपालले जापानसँग समूह चरणमा खेलिसकेको हुनाले अब खेल्न पर्नेछैन। प्रतियोगिताका हालसम्मका खेलको नतिजाअनुसार कतार विश्वकप छनौटको दौडबाट बाहिरिइसकेको छ। नेपाल र सामोआबीचको खेल नेपाली समयअनुसार साँझ पौने ९ बजे सुरु हुनेछ।

### नेपालको बरियता सुधार

नेपालको आइसीसी ट्वान्टी-२० अन्तर्राष्ट्रिय वरियता सुधार भएको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसीसी) ले सोमबार सार्वजनिक गरको नयाँ वरियतामा एक स्थान सुधार गर्दै नेपाल १७औं स्थानान उक्लिएको हो।

नेपालले ६९९७ अंक तथा १७५ रेटिङ प्राप्त गरेको छ। एसोसिएट राष्ट्रमा नेपाल भन्दा अगाडि नेदरल्यान्ड्स (१३), स्कटल्यान्ड(१४), नामिबिया (१५) र युएई (१६) औं स्थानमा छन्।

यसैगरी शीर्ष १० मा भने कुनै परिवर्तन भएको छैन। भारत, अस्ट्रेलिया, इङ्ल्यान्ड, न्युजिल्यान्ड, दक्षिण अफ्रिका, पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तानः क्रमशः पहिलोदेखि १०औं स्थानमा छन्।

**एएफसी एसियन कप छनोट**

# नेपालको लगातार चौथो हार

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालले एएफसी एसियन कप छनोटको तेस्रो चरणमा लगातार चौथो हार बेहोरेको छ।

थोंग न्हाट स्टेडियममा सोमबार राति भएको समूह 'एफ' को खेलमा घरेलु टोली भियतनामसँग १-० ले पराजित भएको हो। पहिलो खेलदेखि नै संघर्षरत नेपाली टोलीले अहिलेसम्म समूह चरणका सबै खेल गुमाएको छ। जसमा दुई गोल गर्दा आठ गोल खाएको छ।

नेपालको यो हारसँगै आगामी चरणमा पुग्ने आशा सकिएको छ। खेलको पाँचौं मिनेटमै नेपाली डिफेन्डर सुमन श्रेष्ठको आत्मघाति गोलसँगै भियतनामले अग्रता लिएको थियो। त्यसपछि दुवै टोलीले थप गोल गर्न सकेनन् र खेल १-० मा टुंगियो।



पहिलो लेगमा पनि भियतनामले नेपाललाई ३-१ ले हराएको थियो।

यससँगै नेपाल अंकविहीन अवस्थामा समूहको पुछारमा यथावत् छ। भियतनामले भने ९ अंक जोड्दै दोस्रो स्थानमा छ। मलेसिया शतप्रतिशत जित निकाल्दै १२ अंकसहित शीर्ष स्थानमा छ। लाओस ३ अंकका साथ तेस्रो स्थानमा छ।

# विश्व कराते छनोटमा नेपालका चार खेलाडी

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व कराते च्याम्पियनसिपको छनोट प्रतियोगितामा नेपालबाट चार खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। यही अक्टोबर १७ देखि १९ तारिखसम्म फ्रान्सको पेरिसमा हुने छनोट प्रतियोगिताका लागि चार खेलाडीसहित छ सदस्यीय नेपाली टोली बुधबार त्यसतर्फ प्रस्थान गर्दैछ।

प्रतियोगितामा एक पुरुष र तीन महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। स्वनिम मानन्धरले पुरुष एकल कातामा आफ्नो कौशल प्रस्तुत गर्नेछन्। महिला ६८ किलोमाथि एरिका गुरुङ, ५० किलोमुनि वर्षा बुढा र ५५ किलोजीमुनि सविना श्रेष्ठले चुनौती पेस गर्नेछन्।

स्वनिमको स्पर्धामा ४९, एरिकाकोमा ३४, वर्षाकोमा ३८ र सविनाकोमा ४६ प्रतिद्वन्द्वी छन्। यो छनोटको हरेक स्पर्धामा शीर्ष छ स्थानमा रहने खेलाडी इजिप्टको काइरोमा आगामी नोभेम्बर २७ देखि ३० तारिखसम्म हुने विश्व कराते च्याम्पियनसिपको २७ औं संस्करणका लागि छनोट हुनेछन्।

छनोट अघि हरेक स्पर्धाबाट २४ खेलाडी विश्व च्याम्पियनसिपका लागि छनोट भइसकेका छन्। एक स्पर्धामा ३२ खेलाडी सहभागी हुन पाउने छन्। बाँकी दुई खेलाडी विश्वविद्यालय कोटाबाट छानिने छन्।

विभिन्न १२ स्पर्धा समावेश छनोटमा पाँच सय ४९ खेलाडी सहभागी हुनेछन्। नेपालबाट सानुमाया थिङले भने इजिप्टको यात्रा पक्का गरिसकेकी छिन्। सानुमायाले महिला एकल कातामा खेल्ने छिन्।

टोलीको प्रशिक्षकमा कुशल श्रेष्ठ रहेका छन्। पेरिसमा अक्टोबर १६ तारिखमा हुने प्रशिक्षक परीक्षामा सहभागी हुन अमिर राना पनि टोलीसँगै जानेछन्।



इराकको बगदादमा रहेको बगदाद अन्तर्राष्ट्रिय रंगमञ्च महोत्सवको छैटौं संस्करणमा शनिबार प्रस्तुति दिँदै स्पेनी समकालीन रंगमञ्च र नृत्य समूह होजारास्काका कलाकारहरू। *तस्बिरः सिन्ह्वा*

# अमेरिकी व्यापार युद्धमा 'अन्त्यसम्म लड्ने' चीनको चेतावनी



**बेइजिङ–** अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाबाट आउने चिनियाँ सामानमा थप १०० प्रतिशत कर लगाउने घोषणा गरेको केही दिनमै चीनले मंगलबार अमेरिकासँगको व्यापार युद्धमा 'अन्त्यसम्म लड्न तयार' रहेको कडा चेतावनी दिएको छ ।

राष्ट्रपति ट्रम्पको उक्त निर्णय गत हप्तामा बेइजिङले दुर्लभ पृथ्वी (खनिज) तत्वहरूको निर्यातमा नयाँ नियन्त्रण लगाउने निर्णयको प्रतिक्रियामा आएको हो । ती तत्वहरूमा अहिले चीनको विश्वव्यापी प्रभुत्व रहेको छ, जसले उच्च प्रविधि उद्योगमा ठूलो प्रभाव पार्ने बताइन्छ ।

ट्रम्पले आफ्नो सोसल मिडिया पोस्टमार्फत नोभेम्बर १ देखि 'कुनै पनि र सबै महत्त्वपूर्ण सफ्टवेयर' निर्यातमा पनि नियन्त्रण लागू गरिने घोषणा गरेको छ । यस पछिल्लो कदमले अन्तर्राष्ट्रिय बजारमा ठूलो हलचल ल्याएको छ र दक्षिण कोरियामा हुने भनिएको राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीचको सम्भावित बैठकमाथिसमेत प्रश्न उठाएको छ ।

'भन्सार शुल्क युद्ध र व्यापार युद्धका विषयमा चीनको नीति अडिग छ । यदि तपाईं लड्न चाहनुहुन्छ भने, हामी अन्त्यसम्म लड्नेछौं; तर यदि वार्ता गर्न चाहनुहुन्छ भने, हाम्रो ढोका सधैं खुला रहने छ,' चीनको वाणिज्य मन्त्रालयका एक अज्ञात प्रवक्ताले मंगलबार जारी गरेको विज्ञप्तिमा भने, 'संयुक्त राज्य अमेरिकाले नयाँ प्रतिबन्धात्मक कदम चाल्दै एकैसाथ वार्ता खोज्नु चीनसँग संलग्न हुने उचित तरिका होइन ।'

यसैबीच राष्ट्रपति ट्रम्पले आइतबारको अर्को पोस्टमा चीनलाई 'मद्दत गर्ने इच्छा' रहेको बताउँदै 'सबै ठीक हुने छ' भनेर आफ्नो केही आक्रामक टिप्पणीहरू फिर्ता लिएको देखिन्छ ।

सोमबार प्रकाशित चीनका भर्खरैका आधिकारिक तथ्यांकअनुसार अमेरिकी करवृद्धिका बाबजुद सेप्टेम्बर महिनामा चीनको निर्यात लचिलो देखिएको छ । गत महिनाको निर्यात वार्षिक आधारमा ८.३ प्रतिशतले बढेको छ । यो मार्चपछिको सबैभन्दा तीव्र वृद्धि हो र पूर्वानुमानभन्दा धेरै माथि पुगेको हो ।

संयुक्त राज्य अमेरिकातर्फ चीनको निर्यात ३४ अर्ब ३० करोड डलरमा पुगेको छ । यसले विश्वको सबैभन्दा ठूलो उपभोक्ता बजारमा चिनियाँ सामानको माग अझै बलियो छ भन्ने देखाउँछ ।


हाल ट्रम्प प्रशासनले चिनियाँ वस्तुहरूमा लगाएको करका कारण ती सामानहरूले कम्तीमा ३० प्रतिशत अमेरिकी भन्सार शुल्कको सामना गरिरहेका छन् । चीनले यसको प्रत्युत्तरमा १० प्रतिशतको भन्सार शुल्क लगाएको छ ।

यस विषयले अहिले वासिङ्टनमा भइरहेको अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) र विश्व बैंकको अर्धवार्षिक बैठकमा पनि व्यापक ध्यान आकर्षित गरेको छ । ट्रम्पको करनीति र व्यापार आक्रमणको विश्वव्यापी प्रभावबारे छलफल तीव्र बनेको छ ।

यद्यपि ह्वाइट हाउसले दीर्घकालीनरूपमा यी भन्सार शुल्कहरूले अमेरिकाको अर्थतन्त्रलाई लाभदायक बनाउने दाबी गर्दै आएको छ । अधिकारीहरूले अहिले देखिएको तुलनात्मकरूपमा सीमित आर्थिक प्रभावलाई उदाहरण दिँदै आफ्नो नीतिको समर्थन गरेका छन् । *रासस/एएफपी*

# भारतमा गुगलको १५ अर्ब डलर लगानी

## अमेरिका बाहिरको सबैभन्दा ठूलो एआई हब निर्माण हुने




**नयाँदिल्ली–** विश्वप्रसिद्ध प्रविधि कम्पनी गुगलले भारतमा अभूतपूर्व लगानी योजना घोषणा गरेको छ । कम्पनीले आगामी पाँच वर्षभित्र १५ अर्ब अमेरिकी डलरबराबरको पुँजी लगानी गर्दै भारतको दक्षिणी राज्य आन्ध्र प्रदेशको विशाखापट्टनम सहरमा अमेरिका बाहिरको सबैभन्दा ठूलो आर्टिफिसियल इन्टेलिजेन्स (एआई) हब निर्माण गर्ने बताएको छ ।

गुगल क्लाउडका प्रमुख कार्यकारी अधिकारी थोमस कुरियनले नयाँदिल्लीमा आयोजित समारोहमा यस हबलाई 'गिगावाट-स्केल एआई आधार' का रूपमा विकास गरिने जानकारी दिए । उनले भने, 'यो गुगलले अमेरिका बाहिर गर्ने सबैभन्दा ठूलो एआई लगानी हो । हामीले आगामी पाँच वर्षमा १५ अर्ब डलरको पुँजी लगानी गर्दै यस्तो पूर्वाधार तयार गर्नेछौं जसले भारतलाई एआई प्रविधिको विश्वव्यापी नक्सामा अग्रस्थानमा पुऱ्याउने छ ।'

कुरियनका अनुसार गुगलले निर्माण गर्न लागेको उक्त एआई केन्द्रलाई अन्ततः 'धेरै गिगावाट क्षमतामा' विस्तार गर्ने योजना छ । यस लगानीले भारतमा तीव्ररूपमा बढिरहेको डिजिटल बजार र एआई उपकरणहरूको मागलाई सम्बोधन गर्ने छ । हाल भारतमा इन्टरनेट प्रयोगकर्ताहरूको संख्या ९० करोड नाघ्ने अनुमान गरिएको छ, जसले व्यवसाय र व्यक्तिगत दुवै तहमा प्रविधिको प्रयोगलाई नयाँ उचाइमा पुऱ्याएको छ ।

भारतका सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवले गुगलको लगानीप्रति धन्यवाद ज्ञापन गर्दै भने, 'यो डिजिटल पूर्वाधार हाम्रो 'भारत एआई' दृष्टिकोणका लक्ष्यहरू पूरा गर्नको दिशामा महत्त्वपूर्ण कोसेढुंगा सावित हुने छ । यसले भारतलाई एआई प्रविधिको उत्पादन र नवप्रवर्तन केन्द्रका रूपमा स्थापित गर्न मद्दत पुऱ्याउने छ ।'

त्यसैगरी, आन्ध्र प्रदेशका मुख्यमन्त्री चन्द्रबाबु नायडूले यो परियोजनालाई राज्यका लागि 'एक ऐतिहासिक र अत्यन्त खुसीको दिन' का रूपमा वर्णन गरे । उनका छोरा तथा राज्यका प्रविधिमन्त्री नारा लोकेशले सामाजिक सञ्जाल 'एक्स' मा लेख्दै भने, 'यो लगानी एक वर्षको गहन छलफल र अथक प्रयासपछि सम्भव भएको हो । यो केवल सुरुआत हो- हाम्रो राज्यको डिजिटल भविष्य, नवीनता र विश्वव्यापी प्रतिष्ठाका लागि यो एक ठूलो छलाङ हो ।'

गुगलको यो निर्णय भारतमा तीव्ररूपमा विकसित भइरहेको कृत्रिम बुद्धिमत्ता (एआई) बजारप्रति अन्तर्राष्ट्रिय कम्पनीहरूको बढ्दो चासोको अर्को उदाहरण बनेको छ । यसै महिना अमेरिकी एआई स्टार्टअप एन्थ्रोपिकका प्रमुख कार्यकारी अधिकारी डारियो अमोदेईले प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्दै अर्को वर्ष भारतमा आफ्नो कार्यालय स्थापना गर्ने योजना घोषणा गरेका थिए ।

प्रधानमन्त्री मोदीले एक्समा लेख्दै अमोदेईलाई धन्यवाद ज्ञापन गर्दै भने, 'भारतको जीवन्त टेक इकोसिस्टम र प्रतिभाशाली युवाहरूले एआई इनोभेसनलाई गति दिइरहेका छन् । हामी विकासका लागि एआईको अधिकतम उपयोग गर्न प्रतिबद्ध छौं ।'

एन्थ्रोपिकको यो निर्णयपछि अन्य शीर्ष एआई कम्पनीले पनि भारतीय बजारमा आफ्नो उपस्थिति विस्तार गर्ने घोषणा गरेका छन् । ओपनएआईले यस वर्षको अन्त्यमा भारतमा आफ्नो कार्यालय खोल्ने तयारी गरेको जनाएको छ । यसका प्रमुख साम अल्टम्यानका अनुसार भारतमा च्याटजिपिटीको प्रयोग गत वर्षको तुलनामा चार गुणा बढेको छ ।

यस्तै, एआई कम्पनी पर्प्लेक्सिटीले गत जुलाईमा भारतीय टेलिकम कम्पनी एयरटेलसँग साझेदारी गरेको थियो, जसअनुसार एयरटेलका ३६ करोड ग्राहकलाई एक वर्षका लागि पर्प्लेक्सिटी प्रोको निःशुल्क सदस्यता प्रदान गरिएको छ । गुगलको यो १५ अर्ब डलरको लगानीसँगै भारत एआई प्रविधिको प्रमुख केन्द्र बन्नेमात्र नभई यसले देशको डिजिटल पूर्वाधार, रोजगारी र अनुसन्धान क्षेत्रमासमेत नयाँ अध्याय खोल्ने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# विपिन जोशीसहितको शव पहिचान



**जेरुसेलम–** इजरायली सेनाले मंगलबार हमासले फिर्ता गरेका चार जना बन्धकमध्ये एक नेपाली विद्यार्थी विपिन जोशी र इजरायली नागरिक गाइ इलुजको शव पहिचान गरिएको पुष्टि गरेको छ । अन्य दुई बन्धकको नाम भने परिवारको अनुरोधमा हाललाई सार्वजनिक गरिएको छैन ।

इजरायली सेनाले एक विज्ञप्तिमा २६ वर्षीय गाइ इलुज सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वको आक्रमणका क्रममा दक्षिण इजरायलमा आयोजित नोभा संगीत महोत्सवमा सहभागी भएका बेला अपहरणमा परेका थिए ।

आक्रमणको समय उनी जिपमा भाग्ने प्रयासमा थिए र पछि रूखमा लुकेका थिए, जहाँबाट उनले आफ्ना आमाबाबुसँग अन्तिम सम्पर्क गरेका थिए । त्यसपछि उनलाई कब्जा गरी गाजामा लगिएको थियो ।

सेनाका अनुसार इलुज अपहरणका क्रममा घाइते भएका थिए र कैदमा रहँदा उपचारको अभावमा मृत्यु भएको थियो । उनको मृत्युको सटिक मिति सार्वजनिक नगरिए पनि सन् २०२३ डिसेम्बरमा उनको निधन पुष्टि गरिएको थियो । इलुज प्रसिद्ध इजरायली संगीतकारहरूका लागि ध्वनि टेक्निसियनको रूपमा कार्यरत थिए ।

२२ वर्षीय नेपाली विद्यार्थी विपिन हमासको आक्रमण हुनुभन्दा तीन हप्ताअघिमात्र कृषि तालिमका लागि इजरायल पुगेका थिए । उनी किबुट्ज अलुमिममा रहेका बेला अपहरणमा परेका थिए । आक्रमण हुनुअघि उनले त्यहाँका थाई कामदारहरूसँग शरण लिएको एउटा तस्बिर सार्वजनिक भएको थियो । इजरायली सेनाका अनुसार युद्धको पहिलो महिनाहरूमा कैदमै उनको हत्या गरिएको अनुमान गरिएको छ ।

जोशीका सहपाठी हिमाञ्चल कट्टेलले एएफपीसँगको कुराकानीमा कि आक्रमणका क्रममा आतंककारीहरूले उनीहरू लुकेका आश्रयमा ग्रेनेड फ्याँकेका थिए, जसलाई जोशीले समातेर विष्फोट हुनुअघि बाहिर फ्याँकिदिएका थिए । 'उनको वीरताले मेरो ज्यान बचायो,' कट्टेलले भावुक हुँदै भने ।

हमासले सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको मध्यस्थतामा सम्पन्न युद्धविराम सम्झौताको एक अंगका रूपमा सबै २० जना जीवित बन्धक रिहा गरेसँगै चार शव फिर्ता गरेको थियो । प्यालेस्टिनी लडाकुहरूका हातमा अझै २४ जना बन्धकका शव रहेका छन् । ती शवलाई पनि युद्धविराम सम्झौताका सर्तअनुसार निकट भविष्यमा फिर्ता गरिने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# इरानले अस्वीकार गऱ्यो ट्रम्पको शान्ति प्रस्ताव

**तेहरान–** इरानले मंगलबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको शान्ति प्रस्तावलाई कडा भाषामा अस्वीकार गर्दै उक्त आह्वानलाई अमेरिकाका हालका सैन्य कार्यहरूसँग 'पूर्णतः विपरीत' भएको टिप्पणी गरेको छ ।

इरानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'अमेरिकी राष्ट्रपतिले व्यक्त गरेको शान्ति र वार्ताको इच्छा इरानी जनताप्रति अमेरिकाले देखाइरहेको सत्रुतापूर्ण र आपराधिक व्यवहारसँग मेल खान सक्दैन ।'

विज्ञप्तिमा अमेरिकी प्रशासनको समर्थनमा गत जुन महिनामा इजरायलद्वारा इरानका आणविक तथा सैन्य केन्द्रहरूमा गरिएको बमबारीको उल्लेख गर्दै 'त्यो आक्रमणले सयौं निर्दोष नागरिकको ज्यान लिएको मात्र होइन, क्षेत्रीय स्थायित्वलाई पनि गम्भीररूपमा कमजोर बनायो' भनिएको छ । जुन महिनाको मध्यतिर इजरायलले इरानभरि व्यापक हवाई आक्रमण अभियान सञ्चालन गरेको थियो, जसमा आणविक सुविधा, सैनिक ठेगाना र आवासीय क्षेत्रहरू समेत लक्षित भएका थिए । ती आक्रमणहरूमा एक हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको बताइएको छ ।

बाह्र दिनसम्म चलेको इजरायल-इरान युद्धमा अमेरिकाले पनि प्रत्यक्षरूपमा इरानी आणविक साइटहरूमा प्रहार गरेको थियो, जसका कारण वासिङ्टन र तेहरानबीचको उच्चस्तरीय आणविक वार्ता पूर्णरूपमा अवरुद्ध भएको थियो । इरानले त्यसको प्रतिकारस्वरूप मिसाइल र ड्रोन आक्रमण गरेको थियो । ती आक्रमणले इजरायलमा दर्जनौं मानिसको मृत्यु भयो । जुन २४ देखि दुई देशबीच युद्धविराम लागू भए पनि सम्बन्ध तनावपूर्ण नै रहेको छ ।

यसैबीच सोमबार इजरायली संसद् (नेसेट) मा सम्बोधन गर्दै राष्ट्रपति ट्रम्पले भनेका थिए, 'संयुक्त राज्य अमेरिका इरानसँग शान्ति सम्झौता गर्न इच्छुक छ, तर अन्ततः बल तेहरानको कोर्टमा छ ।' तर इरानले उक्त प्रस्तावलाई 'दुईमुखे र अविश्वसनीय' भन्दै खारेज गरेको छ । विदेश मन्त्रालयले प्रश्न गर्दै भन्यो, 'कसरी कुनै देशले राजनीतिक वार्ताको कुरा गर्न सक्छ, जब उसैले इरानका आवासीय क्षेत्रमा बमबारी गरेर निर्दोष महिला र बालबालिकासहित हजारौं नागरिकको ज्यान लिएको छ ?'

ट्रम्पले आफ्नो सम्बोधनमा इरानलाई 'आतंकवादीहरूलाई त्याग्न, छिमेकीहरूलाई धम्की दिन रोक्न, प्रोक्सी समूहहरूलाई सहयोग बन्द गर्न र इजरायलको अस्तित्व अधिकारलाई स्वीकार गर्न' आग्रह गरेका थिए । *रासस/एएफपी*

मिक्लाजुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मधुमल्ला, (मोरङ)

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/०६/२९

यस कार्यालयको तर्फबाट मिति २०८२/०४/२७ मा प्रकाशित सूचना अनुसार निर्माण कार्यको तपशिल बमोजिमको न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राहि देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनको जानकारी गराईन्छ। साथै सार्वजानिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाताहरूलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

| ठेक्का नं. | विवरण | फर्मको नाम ठेगाना | कबोल अंक (मु.अ.क र PS सहित) |
|---|---|---|---|
| 1/MRMM/WORKS/NCB/082/83 | Upgrading Works of Mangalabre-Shamling- Aitabare Road (Shamling Aitabare Section) | Prinsa Nirman Sewa | 49,30,674.35 |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - २४८५०० | प्रति तोला - ० | प्रति तोला - ३३२५ |

## मूल्यवृद्धि दुई प्रतिशतभन्दा मुनि घिउ-तेल उपसमूहतर्फ उच्च वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत भदौ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति (मूल्यवृद्धि) एक दशमलव ८७ प्रतिशत रहेको छ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो महिनाको तथ्यांकमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार भदौमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति एक दशमलव ३४ प्रतिशतले ऋणात्मक रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ७० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः पाँच दशमलव ०६ प्रतिशत र तीन दशमलव १९ प्रतिशत रहेको थियो।

गत भदौ महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घिउ तथा तेल उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ११ दशमलव ०९ प्रतिशत, गैर-मदिराजन्य पेय पदार्थको तीन दशमलव ९७ प्रतिशत र दुग्ध पदार्थ तथा अण्डाको दुई दशमलव ६६ प्रतिशतले बढेको छ। तरकारी उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १२ दशमलव ७४ प्रतिशत, मरमसलाको छ दशमलव ३१ प्रतिशत र दाल तथा गेँडागुडीको तीन दशमलव ५८ प्रतिशतलेघटेको छ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक



विन्दुगत उपभोक्ता मूल्य सूचकांक ११ दशमलव ७७ , शिक्षाको सात दशमलव ६७, कपडाजन्य तथा जुत्ताचप्पलको छ दशमलव २९, सुर्तीजन्य पदार्थको चार दशमलव ८४ र फर्निसिङ तथा घरायसी उपकरणको चार दशमलव ५५ प्रतिशतले बढेको छ।

बिमा तथा वित्तीय सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक शून्य दशमलव २२ प्रतिशतले घटेको छ। राष्ट्र बैंकका अनुसार गत भदौ महिनामा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक एक दशमलव ७३ र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक एक दशमलव ९१ प्रतिशतले बढेको छ।

प्रदेशगत रूपमा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दुई दशमलव ९९, मधेसको एक दशमलव ७४, बागमतीको एक दशमलव ७२, गण्डकीको एक दशमलव ४७, लुम्बिनीको एक दशमलव ७६, कर्णालीको एक दशमलव ८५ र सुदूरपश्चिम प्रदेशको शून्य दशमलव ८८ प्रतिशत रहेको छ।

त्यस्तै, काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दुई दशमलव २१, तराईको एक दशमलव ७०, पहाडको एक दशमलव ६८ र हिमालको दुई दशमलव ५१ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ।

**चालु खाता र शोधनान्तर बचतमा**

यस्तै, चालु आर्थिक वर्षको भदौ मसान्तसम्ममा चालु खाता र शोधनान्तर स्थिति बचतमा देखिएको छ।

यस अवधिमा चालु खाता रु एक खर्ब ३० अर्ब ६९ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु ५४ अर्ब ४१ करोडले बचतमा रहेको थियो।

यस्तै, भदौ मसान्त सम्ममा खुद पुँजीगत ट्रान्सफर रु दुई अर्ब २० करोड रहेको छ भने रु एक अर्ब २७ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ। त्यस्तै, यो अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ५३ अर्ब ६८ करोड बचतमा रहेको छ।

गत असार मसान्तमा रु २६ खर्ब ७७ अर्ब ६८ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति पछिल्लो दुई महिनामा सात दशमलव छ प्रतिशतले बढेर रु २८ खर्ब ८१ अर्ब ३५ करोड पुगेको छ। कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु २५ खर्ब ८२ अर्ब ३८ करोड र बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति रु दुई खर्ब ९८ अर्ब ९७ करोड बराबर रहेको छ। गत भदौ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव पाँच प्रतिशत रहेको छ।

चालु आवको दोस्रो महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १९ दशमलव सात महिनाको वस्तु आयात र १६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ।

## अर्थतन्त्रको आकार ६१ खर्ब ७ अर्ब




■ प्रभाव संवाददाता

**काठमाडौं–** गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर चार दशमलव ६१ प्रतिशत र अर्थतन्त्रको आकार रु ६१ खर्ब सात अर्ब २२ करोड बराबर देखिएको छ। अर्थ मन्त्रालयले मंगलबार सार्वजनिक गरेको गत आर्थिक वर्षको वार्षिक प्रतिवेदनअनुसार गत आवमा कुल रु १८ खर्ब ६० अर्ब ३० करोड बजेट विनियोजन गरिएकामा रु १५ खर्ब १२ अर्ब ९८ करोड अर्थात् ८१ दशमलव ३३ प्रतिशत खर्च भएको छ।

चालु खर्चमा रु ११ खर्ब ४० अर्ब ६७ करोड विनियोजन भएकामा रु नौ खर्ब ५६ अर्ब ३६ करोड अर्थात् ८३ दशमलव ८४ प्रतिशत खर्च भएको छ। पुँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ३५ करोड विनियोजन भएकामा रु दुई खर्ब २३ अर्ब ९४ करोड अर्थात् ६३ दशमलव ५६ प्रतिशत खर्च भएको छ। वित्तीय व्यवस्थातर्फ रु तीन खर्ब ६७ अर्ब २८ करोड विनियोजन भएकोमा रु तीन खर्ब ३२ अर्ब ६७ करोड अर्थात् ९० दशमलव ५८ प्रतिशत खर्च भएको प्रतिवेदनमा जनाइएको छ।

गत आर्थिक वर्षमा कुल रु ११ खर्ब ९६ अर्ब १८ करोड ९८ लाख राजस्व संकलन भएको छ। जसमध्ये कर राजस्व रु १० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख, गैरकर राजस्व रु एक खर्ब २८ अर्ब ९४ करोड ४८ लाख र अन्य प्राप्ति रू १७ अर्ब ३६ करोड ९६ लाख रहेको अर्थ मन्त्रालयले जनाएको छ। बजेटमा लक्ष्य गरिएको राजस्व संकलन लक्ष्य रु १४ खर्ब १९ अर्ब ३० करोड ३० लाखको तुलनामा ८४ दशमलव २८ प्रतिशत राजस्व संकलन भएको हो।

गत आर्थिक वर्षमा अनुदान रु २३ अर्ब ५३ करोड र ऋण रु एक खर्ब २५ अर्ब ४० करोड गरी कुल रु एक खर्ब ४८ अर्ब ९३ करोड वैदेशिक सहायता प्राप्त भएको छ। गत आवको कुल वैदेशिक सहायतामध्ये अनुदान १५ दशमलव ८० प्रतिशत र ऋण ८४ दशमलव २० प्रतिशत बराबर हो। घाटा बजेट परिपूर्तिका लागि गत आवमा सरकारले रु तीन खर्ब २९ अर्ब ९९ करोड आन्तरिक ऋण रु एक खर्ब २५ अर्ब ४० करोड बाह्य ऋण गरी कुल रु चार खर्ब ५५ अर्ब ३९ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ।

## ऊर्जा दक्षता प्रवर्द्धन गर्ने उद्योगलाई अनुदान




■ प्रभाव संवाददाता

**काठमाडौं –** दिगो औद्योगिक विकासलाई अघि बढाउने प्रतिबद्धता कायम राख्दै, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जामार्फत पुनः प्राप्ति एवं सशक्तिकरण परियोजनाअन्तर्गत सफलतापूर्वक ऊर्जा दक्षताका उपायहरू लागू गरेका दोस्रो चरणका उद्योगहरूलाई आर्थिक अनुदान वितरण गरेको छ।

यहाँ आयोजित कार्यक्रममा दोस्रो चरणमा १३ उद्योगलाई रु चार करोडभन्दा बढीको अनुदान प्रदान गरिएको थियो। विस्तृत ऊर्जा 'अडिट'मार्फत पहिचान गरिएका ऊर्जा बचत उपायहरूको सफल कार्यान्वयनपछि यो अनुदान वितरण गरिएको हो। यी उपायहरूबाट वार्षिक १२ लाख ३५ हजार ५४४ किलोवाट घण्टा ऊर्जा बचत भई वार्षिक रु चार करोड ७७ लाख ५८ हजार १६ भन्दा बढी खर्च कटौतीमा योगदान पुऱ्याउँदै नेपालको जलवायु लक्ष्य र दिगो आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिने बताइएको छ।

अनुदान पाउने उद्योगहरूमा कृषि प्रशोधन, औषधि र डेरी उद्योगलगायत विभिन्न क्षेत्रका उद्योगहरू रहेका छन्। सबैभन्दा ठूलो अनुदान रु १० मिलियन, प्राप्त गर्ने एजी हेल्थ इन्डस्ट्रिज प्रालिले दुई प्रमुख ऊर्जा दक्षता उपायहरू लागू गरेको छ, जसमा म्यानुअल प्याकेजिङ मेसिनको प्रतिस्थापन पनि समावेश छ। कम्पनीको आफ्नो रु ४० मिलियनभन्दा बढीको लगानीबाट वार्षिक रु १० मिलियनभन्दा बढी बचत हुने अपेक्षा गरिएको छ, जसले ऊर्जा दक्षता नवप्रवर्तनको बलियो व्यावसायिक उदाहरण प्रस्तुत गरेको जनाएको छ।

कार्यक्रममा सीताराम गोकुल मिल्क्स काठमाडौं प्रालिका प्रबन्ध निर्देशक सुमित केडियाले ऊर्जा खर्च कुल सञ्चालन लागतको करिब ३०-३५ प्रतिशत रहेको र यस प्रकारका पहलहरूले उद्योगहरूलाई चेतनाभन्दा वास्तविक क्रियाकलापतर्फ लैजान सहयोग पुऱ्याने बताए। एरो फार्मास्युटिकल्स प्रालिका प्रबन्ध निर्देशक डा पंकज तिवारीले ऊर्जा अडिट प्रक्रियालाई प्रकाशमय रहेको, जसले ऊर्जा अधिकतम् प्रयोग गर्ने नयाँ तरिकाहरू र अन्तरराष्ट्रिय सुरक्षा तथा मापदण्डहरूको पालना गरिएको उल्लेख गरे।

युरोपेली संघ, नेपालका रञ्जन प्रकाश श्रेष्ठले परियोजनाको सहयोगपछि पनि ऊर्जा दक्षतासम्बन्धी आफ्नो प्रयास निरन्तर जारी राख्न प्रेरित गरेको बताए। वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमन खनालले उद्योगहरूलाई राष्ट्रिय प्रयासमा योगदान पुऱ्याएकामा प्रशंसा गर्दै यस किसिमको सहयोगबाट नेपालको ऊर्जा भविष्यमा दीर्घकालीन प्रभाव पार्नेछ भने। परियोजनाका लागि ग्रिन ऊर्जावित्त विशेषज्ञ राजीवमंगल जोशीले यो पहलले नेपालको दिगो औद्योगिक अभ्यासलाई प्रवर्द्धन गर्न, वातावरणीय मापदण्डहरू पालना गर्न तथा मर्यादित श्रम अभ्यासहरूलाई प्रोत्साहन गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको उल्लेख गरे।

युरोपेली संघ तथा जर्मन सरकारको सहआर्थिक सहयोगमा, रिप-ग्रिन परियोजनाअन्तर्गत सञ्चालन भइरहेको यस अनुदान कार्यक्रमले उच्च प्रभावकारी ऊर्जा दक्षता पहलहरूलाई कार्यान्वयन गर्न आंशिक आर्थिक सहयोग प्रदान गर्दै आएको छ। अनुदान सहयोगमा कार्यान्वयन गरिएका उपायहरूबाट प्राप्त उपलब्धिहरूले भावी दिनमा सार्वजनिक तथा निजी क्षेत्रका कार्यक्रमहरूमा ऋण वा मिश्रित वित्तीय प्रणालीमार्फत लगानी प्रवाह गर्न सकिने सम्भावनाको नमूना प्रस्तुत गर्ने सो अवसरमा जानकारी दिइयो। यसबाट थप उद्योग र उद्यमहरूले ऊर्जा दक्ष उपायहरू अवलम्बन गर्न प्रोत्साहन पाउनेछन् र दिगो विकासमा योगदान पुऱ्याउनेछन्।

## नेप्से परिसूचकमा १९ अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १९ दशमलव ४३ अंकले घटेर दुई हजार ५२८ दशमलव १६ को बिन्दुमा कायम भएको छ। ३१७ कम्पनीको ७४ लाख ८८ हजार २७२ कित्ता शेयर ३८ हजार ८२७ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु तीन अर्ब ३६ करोड ६१ लाख ९८ हजार २६२ मा खुम्चिएको छ।

म्युचुअल फन्ड शून्य दशमलव ०६, व्यापार एक दशमलव ४८ र अन्य समूह शून्य दशमलव ७९ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ८२, विकास बैंक एक, वित्त एक दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव ११, जलविद्युत् एक दशमलव ७१, लगानी एक दशमलव १६, जीवन बीमा र उत्पादन तथा प्रशोधन समूह समान शून्य दशमलव ९८, लघुवित्त शून्य दशमलव ७९ र निर्जीवन बीमा समूह एक दशमलव १० प्रतिशतले घटेको छ। कारोबारमा शुभम् पावर लिमिटेड र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छभने समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ३२ करोड सात लाख ८३ हजार ७१६ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर चार लाख ३३ हजार ९७ कित्ता खरिदबिक्री भएको छ।

## बुटवलमा प्रोटोनको नयाँ शोरुम

**बुटवल (प्रस)–** जगदम्बा मोटर्स प्रा. लि. अन्तर्गत रहेको नेपालको अग्रणी ईभी ब्रान्ड प्रोटन इमासले बुटवलमा आफ्नो नयाँ सोरुम उद्घाटन गरेको छ। यो उद्घाटनले कम्पनीको तीव्र गतिमा भइरहेको देशव्यापी विस्तार यात्रामा अर्को महत्वपूर्ण उपलब्धि जोडेको छ। उद्घाटन अवसरमा ब्रान्डले १५ वटा प्रोटन इमास सवारीसाधनहरू ग्राहकलाई हस्तान्तरण गरेको छ, जसमा दशैंअघि १० युनिट र हाल थप ५ युनिट वितरण गरिएका छन्। यसले सो क्षेत्रमा ग्राहकहरूको बढ्दो विश्वास र उत्साहलाई स्पष्ट रूपमा देखाएको छ।




भव्य उद्घाटन कार्यक्रममा स्थानीय प्रतिष्ठित व्यक्तिहरू र समुदायका प्रतिनिधिहरू उपस्थित थिए। नयाँ थ्रीएस शोरुममा विश्वस्तरीय सेवा, बिक्री सहयोग र ग्राहक सेवा सुनिश्चित गर्दै बुटवलका प्रोटन इमासका ग्राहकहरूले उच्चस्तरीय विद्युतीय सवारी अनुभव गर्न पाउनेछन्। यस शोरुमको व्यवस्थापन बलाजी ई अटोमोबाइल्सले गर्नेछ।

शोरुमको उद्घाटन मुख्य अतिथि बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद आर्यालले गरेका थिए। कार्यक्रममा अन्य प्रतिष्ठित व्यक्तिहरू र सञ्चार माध्यमका प्रतिनिधिहरू पनि उपस्थित थिए, जसले प्रोटन इमस ७ प्रति आफ्नो रुचि व्यक्त गरेका थिए। अघिल्लो साँझ आयोजित प्रि-उद्घाटन वितरण समारोहमा ग्राहकहरूको अत्यधिक उत्साह देखिएको थियो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ